वर्ष : १७, अंक : २, काठमाडौं, २०७८ बैशाख १० गते शुक्रबार, 23 April 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

## शुभकामना

नेपालीहरूको नयाा वर्ष २०७८ सालको पुनित अवसरमा हाम्रा सम्पूर्ण पाठक, ग्राहक, शुभेच्छुक, सहकर्मी लगायत सबै हार्दिक मंगलमय शुभकामना ।

मधेशवाणी

## होला त जसपाका २ सय ८ बन्दी रिहा ?

काठमाडौं । सरकारले जसपाका २ सय ८ बन्दीहरूलाई रिहा गर्न लचकता देखाएको छ । सत्तारूढ एमाले र जसपाद्वारा गठित कार्यदलबीचको पटक-पटकको वार्ता पछि दुवै पक्ष समझदारीमा पुग्न लागेको हो ।

मधेश र थरूहट आन्दोलनका क्रममा ११ जिल्लाका २ सय ८ जनाविरूद्ध परेका मुद्दा किनारा लगाउने प्रक्रिया सरकारले अघि बढाएको छ ।

पुनरावेदन र सर्वोच्च अदालतमा विचाराधीन मुद्दा अदालती प्रक्रियाबाट टुंग्याउने, निलम्बित सांसद रेशम चौधरीलगायत नेता तथा कार्यकर्ताविरूद्धको मुद्दा सरकारले फिर्ता लिन नसक्ने भएकाले अदालती प्रक्रियाबाट टुंग्याउने, जिल्ला अदालत र स्थानीय प्रशासनमा विचाराधीन रहेका मुद्दालाई फिर्ता गर्ने, फैसला भइसकेका हकमा सजाय मिनाहा गर्ने प्रक्रिया अघि बढाइएको छ/ ।

मधेश र थरूहट आन्दोलनका क्रममा पक्राउ परेका बन्दी रिहाइदेखि संविधान पुनरावलोकन गर्नका लागि आयोग गठन गर्नेसम्मका समझदारीमा सरकार र जसपा पुगेको हो । जसपाले उठाएका माग सरकारले पूरा गर्ने र यी विषयमा कुनै पनि लिखित सम्झौता भने नहुने दुवै पक्षले बताएका छन् ।

सरकारले माग पूरा गर्न निरन्तर काम गर्ने र तबसम्म जसपाले कांग्रेस र माओवादी केन्द्रसँग सत्ता समीकरणबारे सल्लाह नगर्ने दुवै पक्षबीच समझदारी रहेको छ । सरकार र जसपाबीचको वार्ता पाँच मुद्दामा केन्द्रित रहेको र ती मागबारे उत्साहजनक रूपमा काम अघि बढिरहेको बताइएको छ ।

## प्रदेश २ मा कोरोनाको संक्रमण भयावह

# संक्रमित बढे तर सतर्कता शून्य

**मधेशवाणी डेस्क**

काठमाडौं । कोरोनाको दोस्रो लहर सुरू भएपछि प्रदेश २ मा स्थिति भयावह बनेको छ । कोरोना परीक्षण गरिएकामध्ये आधामा संक्रमण भेटिनुले प्रदेश २ मा कोरोना संक्रमणले भयावह रूप लिन थालिसकेको छ ।

परीक्षणको दायरामा आएकामध्ये ५० प्रतिशतमा संक्रमण पुष्टि भइरहेको छ भने परीक्षण हुन बाँकी कति अझै समुदायमै संक्रमण फैलाइरहेका होलान् त्यसको अनुमानै छैन । संक्रमण तीव्र गतिमा फैलिरहँदा पहिचान, परीक्षण र उपचारको अवस्था भने नाजुक छ । सीमापारिबाट बेरोकटोक मानिसहरू आउजाउ गरिरहेका छन् । स्वास्थ्य सुरक्षा मापदण्ड पालनामा मानिसहरूको लापरवाही बढ्दो छ । गत हप्ता जनकपुरधाममा बसेको प्रदेश संकट व्यवस्थापन केन्द्रको बैठकमा प्रदेशमा संक्रमणको अवस्था, नियन्त्रणका उपायबारे छलफल भए पनि ठोस रणनीति ल्याउन सकेको छैन ।

मुख्यमन्त्री लालबाबु राउतसहितका मन्त्रीहरू, मुख्यसचिव, सुरक्षा प्रमुखहरू सामक्ष कोरोना तीव्र गतिमा फैलिरहेकोले चाँडै उपचार अस्पतालको व्यवस्थापन नभए अवस्था भयावह हुने झाले सचेत गराएको छ । जुन गतिले संक्रमण फैलिरहेको छ, प्रदेश सरकारको तयारी नाजुक छ ।

प्रदेशमा सक्रिय संक्रमितको संख्या बढिरहे पनि कोभिड अस्पताल नै छैन । अहिले नागरायणी अस्पताल वीरगन्जले




सीमित आइसोलेसन कक्ष संचालन भइरहेको छ ।

संक्रमणको पहिलो लहरमा अधिकतम २० प्रतिशत नमूनामा मात्रै कोरोना संक्रमण पुष्टि हुन्थ्यो । अहिले परीक्षण गर्दा ५० प्रतिशतमा संक्रमण पुष्टि भइरहेको छ । पहिलो लहरमा संक्रमण फैलिएको स्थानबाट आउनेहरूलाई क्वारेन्टिनमा राखिन्थ्यो अहिले सिधै घरमा जान्छन्, समुदायमा जान्छन् । भारतबाट फर्किनेहरू पनि सिधैं घरमा गइरहेको छ । अहिले परीक्षण गराउन अस्पताल पुग्नेहरू प्रायः कडा लक्षण देखा परिसकेकाहरू मात्रै छन् । कति संक्रमितहरू समुदायमै संक्रमण बाँडेर बसिरहेका होलान् ठेगान छैन । झन यो भेरिएन्ट पहिलाको भन्दा तीव्र गतिमा संक्रमण सार्छ । कोरोना संक्रमण वृद्धिको दर हेर्ने भने समुदायमै संक्रमण फैलिसकेको पुष्टि हुन्छ ।

वैशाख महिनाको मध्येबाट संक्रमितको संख्या अझ धेरै हुने अनुमान छ । गत वर्षको साउन महिनामा यस प्रदेशमा संक्रमणका भयावह अवस्था थियो । वैशाखको मध्यमा साउनको झल्को दिने गरी संक्रमण बढ्ने स्वास्थ्यविज्ञहरूको प्रक्षेपन छ । पहिलो लहरको साउन महिनामा कूल संक्रमितको आधा संक्रमित यसै प्रदेशमा थियो ।

प्रदेश २ मा दैनिक संक्रमितको संख्या बढिरहँदा सरकारी तयारी भने शून्य देखिन्छ । प्रदेश सरकारले अहिलेसम्म कोभिड डेडिकेटेड अस्पताल व्यवस्थापन गर्न सकेको छैन ।

संक्रमणको पहिलो लहरका बेला संचालनमा ल्याइएका आइसोलेसन सेन्टरहरू संक्रमित घट्दै गएपछि बन्द भए । जिल्ला अस्पतालहरूले पनि आफ्नो आइसोलेसन सेन्टरहरू बन्द गरे ।

संक्रमणको पहिलो लहरका बेला प्रादेशिक अस्पताल जनकपुरमा ४८ शैयाको आइसोलेसन सेन्टर सञ्चालन गरिएको थियो । जिल्ला अस्पताल सिरहाले चन्द्र माध्यमिक विद्यालयमा १७८ शैयाको आइसोलेसन सेन्टर संचालन गरेको थियो । अर्को आइसोलेसन सेन्टर महेन्द्र गेनाई अस्पतालमा संचालन गरिएको थियो । त्यो बेलाको आइसोलेसन व्यवस्थापन खर्च र कर्मचारीको तलबभत्ता वापतको करिब पाँच करोड रूपैयाँ बक्यौता छ । केन्द्र, प्रदेश र स्थानीय सरकारको बेवास्ताले बक्यौता फछ्र्योट हुन नसकेको हो । अब पहिलाकै हालतमा आइसोलेसन सेन्टर संचालन गर्न सक्ने अवस्था नरहेको अधिकारीहरू बताउँ छन् ।

प्रदेश २ को आठवटै जिल्लाको सीमा भारतको विहार राज्यसँग जोडिएको छ । भारतीय राज्य विहारमा कोरोना भाइरस (कोभिड-१९) को संक्रमण निकै तीव्र रूपमा फैलिँदै गएको छ । राजधानी पटनादेखि नेपाली सीमा गाउँसम्मै संक्रमितको संख्या दिनानुदिन बढ्दो छ ।

प्रदेश २ मा पछिल्लो समय फैलिएको संक्रमणको लहरो पारिबाटै जोडिएको चिकित्सक बताउँछन् । पछिल्लो समय यस प्रदेशमा समुदायमा फैलिँदै गएको संक्रमणको लहरो पनि पारिबाटै आएको

*बाँकी अन्तिम पृष्ठमा*

## जानकी मन्दिरको माटो र जल माडी पुऱ्याइयो



जनकपुरधाम । चितवनको माडीमा स्थापना भएको सीताराम मूर्ति स्थापनामा प्रदेश नं. २ का प्रदेश प्रमुख डा.राजेश अहिराज जानकी मन्दिर भित्रको माटो, गङ्गासागरको जल, चतराधामको माटो र कोशी नदीको जल हस्तान्तरण गरेका छन् । जनकपुरधामबाट ४० वटा गाडीमा श्रद्धालुहरूसहित प्रदेश प्रमुख अहिराज माडी पुगेका थिए । रामनवमीको अवसर पारेर

*बाँकी अन्तिम पृष्ठमा*

## प्रदेश २ नामाकरणमा जुर्मुरायो दलहरू

जनकपुरधाम । प्रदेशको २ को नाम र राजधानीका लागि तीन प्रस्ताव दर्ता भएको छ । नेकपा एमाले, माओवादी र जनता समाजवादी पार्टीले अलग अलग प्रस्ताव दर्ता गराएका हुन । तीनै दलले राजधानी जनकपुरको प्रस्ताव गरे पनि प्रदेशको नाममा सता पक्ष जनता समाजवादी पार्टी र माओवादीले मधेश र नेकपा एमालेले जानकी प्रस्ताव गरेका छन् ।

प्रदेशसभाले प्रदेशको नाम र स्थायी राजधानीको प्रस्ताव दर्ता गराउन आह्वान गरेपछि सत्तारूढ दल जनता सामाजवादी पार्टी र नेकपा माओवादी केन्द्रले प्रदेशको नाम 'मधेश प्रदेश' दर्ता गराइसकेका छन् । तर नेपाली कांगेस र नेकपा एमालेले भने अहिलेसम्म कुनै प्रस्ताव दर्ता गराएका छैनन् ।

नेपाली कांग्रेस र नेकपा एमाले

*बाँकी अन्तिम पृष्ठमा*




## तिम्रो 'मौसुफ'को नजरमा धर्म र सत्ता !



**जयप्रकाश गुप्ता**

चैत्र बैशाखको महिना थियो। आलस्यको मौसम थियो। तेस बखत केही कालका लागि भगवान बुद्धको आश्रय श्राबस्तीमा थियो। घमण्डी राजा कौशलको मुलुक थियो- श्राबस्ती। राजा कौशलले दिनभर प्रवचन दिने भगवान बुद्धलाई काम नगर्ने गफाडी ठान्दथे। निठल्ला-बेकामे। तेस दिन दिवाको भोजन पश्चात बुद्ध आराम गरिरहनु भएको थियो। शांत हवा बग्दै थियो। कुनै चिन्तनमा रहेका बुद्ध देख्नु हुन्छ-राजा कौशल उखर माउलो गर्मीमा शान-सैनिकका साथ बुद्ध भगवान भएका तिर आउँदै छन्। भगवान सादर उभिएर राजाको अभिवादन गरे अनि सोधे-राजन! यस्तो गर्मीमा अनि मध्यान्हको बेला कताबाट सवारी भयो?

यो मौका थियो, राजाले भगवानलाई तल देखाउने। अहंकारका साथ राजा कौशलले बोले-भन्ते मलाई तपाईको जस्तो कहाँ आनन्द छ र? भीख मागेर आएको खाना खान पाऊने अनि शितल बतासमा कल्पबृक्ष मुनी बसेर दुनियादारीलाई प्रवचन दिने! मैले त हरेक जनताको समस्या समाधान गर्नु पर्दछ। यसैका लागि भोक बिर्सेर यो दिऊँसोको कुबेलामा पनि हिडनु परेको छ। मन्द मुस्कानका साथ भगवान बुद्धले राजालाई यही केही बेर आराम गर्न अनुरोध गर्नु भयो। राजा आरामका लागि यसो बसेका मात्र थिए कि, पूर्व दिशाबाट कुद्दै राजाका एक बिश्वासिलो गुप्तचर राजा समक्ष आई पुगे। राजाले सोधे-हैन के भएको? कुनै खबर? गुप्तचरले भने- प्रभु म हालचाल बुझ्न प्रान्तको पूर्वी क्षेत्र तिर गएको थिए। तेहाँका अशान्त मानिसहरूले जाहेर गरे- ठूलो पहाडमा पहिरो गयो, पुरै पहाड बगेर हामी भएको तिर आउदै छ। हामी कोही बाच्दैनौ। राजा पनि। राजाले यो विवरण सुन्न न भ्याउदै पश्चिम दिशाबाट हस्यांगफस्यांग गर्दै अर्को गुप्तचर राजा भा'ठाममा आई पुगे र सोही अनुरूपको जानकारी चढाए। राजा व्याकुल हुदै गए। झनै बिक्षिप्त! यत्तिकैमा उत्तर र दक्षिण दिशाबाट पनि गुप्तचरहरूले यहीं कुरा सुनाए। राजा उद्वीग्न भए, आसन्न मृत्योन्मुख भयले भगवानका सम्मुख विनित भई सोधे- सबै तिरबाट पहाड बगेर हामी भएको तिर नै आउँदैंछ। भगवान अब के गर्ने? कसरी म बाँच्ने अनि राज्य-प्रजालाई कसरी बचाउने?

भगवान निस्पृह थिए। राजा मृत्यू भयबाट पुरै विरक्त हुदै गएका थिए। भयाक्रान्त थिए। भगवानले राजालाई सोधेः राजन हामी सबैको अन्तिम समय आए जस्तो छ। यस महासंकटबाट जोगिने म संग कुनै उपाय छैन। यदि राजन तपाईसंग कुनै उपाय छ भने गर्नोस! जीवन र राज्यभोगमा अतृप्त रहेको राजा बुद्ध सम्मुख भन्छन-प्रभू! यदि मेरो प्राणको रक्षा हुन सक्यो भने म बिन्ती गर्छु कि मेरो सबै निजी भोगको सम्पति धर्मको काममा लगाउने छु। म धम्मको शरणमा आउने छु। निस्पृह हुनेछु प्रभु!

भगवान बुद्धले राजालाई शांत रहन अनुरोध गर्नु भयो। बडो मुस्किलले राजा शांत भए। पूर्व-पश्चिम, उत्तर-दखिन सबै तिर हेरे। निकै बेर प्रतिक्षा गरे। कुनै अनिष्ट आएन। राजा ढुक्क भए। केही बेर पछि राजा दरबार तिर लागे। भन्ते बुद्ध पनि नयाँ आश्रयको खोजीमा अगाडी बढनु भयो।

राजामा कुनै बदलाव आएन। राज्यपाठको उही आशक्ति बढदै गयो। तर, भगवान बुद्धले राज्य बिथ्था भ्रम हो। यसबाट शक्तिको आशक्ति मात्र बढछ। लोक कल्याण हुन्न्, जनताको हित हुन्न् भन्दै राजाहरूलाई भन्ते बनाउँदै-सचेत गराउदै भ्रमण गरिरहे! तर, राजाहरू धर्म राजको नाममा शासक बनी रहे। आज पनि बन्न खोजेका छन्।

## सम्पादकीय

# राजनीतिक निकासको बाटो

राज्य एउटा संस्था हो । यो व्यक्तिको गुण र दोषले कम तर संस्थागत संरचनाले बढी प्रभावित हुन्छ । तर निराश हुनुपर्ने र बाह्य शक्तिसँग आत्मसमर्पण गर्नुपर्ने कुनै कारण छैन । किनभने यी जति समस्या देखा परेका छन्, ती सबै नेपाल र नेपालीमाथि नै भएको हो ।

राजनीति मूलतः सामाजिक आवश्यकता र सहायक रूपमा आकांक्षालाई सम्बोधन गर्ने साधन हो । अर्को अर्थमा यसलाई आर्थिक परिचालनको सामाजिक दस्तावेज भन्न सकिन्छ, जसको साइनु सामाजिक सांस्कृतिक पक्षसम्म विस्तारित हुन्छ । सरकारमा रहँदासम्म नवउदारवादी खुलाबजार अर्थनीति लागु गर्न नेपाली कांग्रेसले नेतृत्वदायी भूमिका खेल्यो । एमाले र पछि माओवादीका नाममा देखा परेका सरकारसमेतले कांग्रेस र एमालेकै नवउदारवादी बाटो पछ्याए । राजनीतिक हिसाबले यी तीन पार्टीबीच विचारधारात्मक रूपमा भिन्न भनिए पनि राजनीतिको मेरूदण्ड अर्थनीति कार्यान्वयन गर्ने क्रममा व्यावहारिक रूपमा यी कसैमा फरक देखिएन ।

चुनावका बेला जनतासमक्ष जानुपरे पनि बाँकी समय पुँजीपति वर्गको बजारलाई व्यवस्थित गर्ने कानुन निर्माणदेखि कार्यान्वयन गर्नमा व्यस्त हुन्छ । यसको असर स्वाभाविक रूपमा दैनिक आर्थिक व्यवस्थापनमा पर्न जान्छ । जसका कारण भ्रष्टाचार, कुशासन, कमिसनको खेल र आर्थिक अनियमितता जस्ता अनेक कुचक्र संसदीय व्यवस्थाका क्यान्सर बन्न पुग्छन् । यसको असर के पर्छ भने सर्वसाधारण जनताको जीवनस्तर

**यो सत्य हो कि वर्तमान तरल राजनीतिको निकास यही व्यवस्थाबाट अब सम्भव हुन सक्दैन । मिलिभगतको सरकार गठन गर्दैमा या फेरि चुनाव गरेर नयाँ सरकार बनाउँदैमा जर्जर बनेको मुलुकको स्वतन्त्रता, राष्ट्रिय स्वाधीनता र आर्थिक विषमताको निकास निस्कने छैन ।**

गिर्दो अवस्थामा खस्कँदै जान्छ तर सत्ताधारी वर्गको निकै उपल्लोस्तरमा पुग्छ । यसको एउटै कारण हो राज्य व्यवस्थामा आम सर्वसाधारण नागरिकको पहुँच नहुनु । यी सबै कारणले तेस्रो मुलुकमा संसदीय व्यवस्थामा राज्य स्थिरता, समृद्धि र दिगो विकास हुनबाट वञ्चित भइरहन्छ र देशको व्यवस्था र नेतृत्व नै बहुराष्ट्रिय पूँजीपति वर्गको खेलौना बन्न पुग्छ ।

हामीलाई अब यस्तो व्यवस्था चाहिएको छ, जसको प्रयोगले संसदीय व्यवस्थाको विकृति देखा नपरोस् । त्यस्तो व्यवस्थामा देश र जनता निरीह नहोऊन् । सत्ताको सम्पूर्ण अधिकार नागरिकमा अविछिन्न भइरहोस् । यही आवश्यक्तालाई परिपूर्ति गर्ने व्यवस्थाको नाम हो जनताको लोकतन्त्र । नेपालको सार्वभौमसत्ता र राष्ट्रियता दुवै वर्तमान व्यवस्थाको पकड बाहिर छन् । यो व्यवस्था र नागरिकका बीचमा दलाल पुँजीवाद खडा छ । सबै जाति, भाषा, लिंग र क्षेत्रका जनसमुदायको राजकीय अधिकारको समग्रता राष्ट्रियता हो । यो पनि कमजोर छ । किनकि अधिकारका नाममा दलाल पुँजीवादका सेवकलाई मात्र भोट दिन जनता बाध्य छन् । जनता र शासकबीचको खाडल असाध्यै गहिरो छ ।

कूल बजेटको असी प्रतिशत रकम तलब भत्तामा मात्र खर्च गरेका छन् । ती तीस वर्ष जनताले यो व्यवस्थाबाट ग्रिन सिग्नलको आशा गरिरहे । नतिजा त हात्ती आयो हात्ती आयो फुस्साबाहेक नेपाली राजनीतिमा दोस्रो हुन सकेन । यसकारण जनता आज चरम निराशामा पुगे । यसको औषधि स्वयं जनताले जनताको लोकतन्त्रमा बाहेक कहीं भेट्ने छैनन् । किनकि जनताको लोकतन्त्र स्पेसल जनताको तन्त्रमा चल्ने व्यवस्था हो । जनताको लोकतन्त्र जसले दलहरूको अस्तित्व स्विकर्छ ।

दलहरूको आचरण सुधार गरी आत्मनिर्भर बनाउँछ र देश र जनतालाई शीर्ष स्थानमा राखी दलीय स्वार्थबाट माथि उठाउँछ । असमानता कम गर्दै सामाजिक उत्पादन प्रक्रियाद्वारा नागरिकलाई आर्थिक समानताको विन्दुमा ल्याउँछ । सामाजिक उत्पादन र न्यायोचित वितरणलाई मुख्य आधार मान्दै औद्योगिक, कृषि, पर्यटन र जलविद्युतको अधिकतम विकास गरी देशको गरिबी, बेरोजगार र परनिर्भरताको अन्त्य गर्छ ।

यो सत्य हो कि वर्तमान तरल राजनीतिको निकास यही व्यवस्थाबाट अब सम्भव हुन सक्दैन । मिलिभगतको सरकार गठन गर्दैमा या फेरि चुनाव गरेर नयाँ सरकार बनाउँदैमा जर्जर बनेको मुलुकको स्वतन्त्रता, राष्ट्रिय स्वाधीनता र आर्थिक विषमताको निकास निस्कने छैन । किनकि यो व्यवस्था नै राष्ट्र र जनताको पक्षमा छैन । जनताको मुठीभित्र नरहेको राज्य व्यवस्थाबाट त्यसो हुन पनि सम्भव छैन । यसैका लागि जनताको लोकतन्त्र नै आवश्यक व्यवस्था हो ।

# मधेश राजनीतिको स्खलन रोकिएन

**विचार - विश्लेषण** भाग–८८



उपेन्द्र झा

**समय, परिस्थितिले दुबै पार्टीलाई एकै रातमा जनता समाजवादी पार्टीको नामले परिचित गरायौं । राजनीतिक परिस्थितिले राज्यद्वारा तोडफोड गरिएको मधेशका पार्टीहरू एक भई तेश्रो शक्तिको रूपमा उदाएको जसपाबाट अरू शक्ति जसरी चिन्तित बनेको छ । जसपा अहिले पनि निश्चिन्त छ । जसपाभित्र अनेक जहरीला प्रवृतिको संकलन रहेको यसले आफ्नो विशालकाय आकार कायम राख्ला जस्तो लाग्दैन ।**

शदियौंदेखि मधेशी समाजमा सल्किरहेको भेदभाव विरूद्धको कान्तिकारी भावना संगठित स्वरूप लिएर २०६३ मा विद्रोह गऱ्यो । पूर्व मेचीदेखि महाकालीसम्मको मधेशको एकीकृत भावनाको परिणाम थियो मधेश आन्दोलन । वञ्चितीकरणमा राखेर शदियौंदेखि राज्यद्वारा गरिदै आएको दोहन शोषण विरूद्धको संगठित आवाज थियो मधेश आन्दोलन । यसमा जातीयता, साम्प्रादयिकताको कही ठाउँ थिएन । आन्तरिक औपनिवेशिक शोषणबाट मुक्ति र राज्यसत्तामा समान हक लिने मधेशको बलिदान संघर्ष धेरै भयावह स्वरूपमा आएको थियो । यसमा शहादत दिने कुनै जातिको नभई मधेशका वीर सपूतहरू थिए । शहादत दिने क्रम नरोकिएपछि सरकारले मधेशको मागलाई सम्बोधन गर्न मध्यनजर गऱ्यो र त्यसैको परिणाम हो संघीय लोकतान्त्रिक गणतन्त्र ।

मधेश आन्दोलनले मिल्काइएका, फालिएका पहिचान कायम हुन नसकेका, असक्षम र दलाल मनोवृतिका मधेश राजनीतिका अगुवाहरूको मान, प्रतिष्ठा र पहिचान स्थापित गऱ्यो । जातीय भावना यहाँ पनि थिएन । मधेश विद्रोहबाट आतंकित शासकको मधेश राजनीतिको "माइको मेनेजमेन्टप्रति काफी चिन्तित र गम्भीर बनेका थिए । मधेश आन्दोलन स्थगित भए पनि यसको राप र ताप जीवन्त थियो । यसको प्रभावलाई निस्तेज पार्न राज्यले मधेशका राजनीतिक अगुवाहरूको कमजोरी पत्ता लगाएर शिकार गऱ्यो ।

भेदभावबाट मधेशलाई मुक्त पार्न आन्दोलनले जन्माएको समग्र मधेशको राजनीतिक एजेण्डामा दलाल राजनीति अगुवाहरूका कारण छिद्र हुन थालियो । समग्र मधेशको राजनीति जातीय राजनीतिमा रूपान्तरित भयो । यसरी मधेशमा यादव, बाहुन, मुसलमान, तेलीसुँडी आदिका साम्प्रदायिक पार्टीको जन्म भयो र राज्यसत्ताको इशारामा यी पार्टीहरू पारस्परिक रूपमा लड्न थाले । मधेश मुक्तिका लागि शुरू भएको राजनीति जाति सम्प्रदायमा आएर सीमित भयो । मधेशको यसरी राजनीतिक विखण्डन गरेको राज्य केही राहतको साँस लियो । समग्र मधेशको अधिकारका कुरा गर्ने राजनीतिक अगुवाहरू आफ्नो जातका कुरा गर्न थालेपछि मधेश समाजमा जातीय घृणाका शिकार बहुसंख्यक र अल्पसंख्यक सबै हुन थाले । जातीय राजनीतिको विष वृक्ष पल्लवित, पुष्पित हुँदै जाँदा समग्र मधेशको एकता सैयौं टुकामा विभक्त भयो । जातीय राजनीतिको जहरीला प्रभावले समग्र मधेश विषाक्त बन्यो र यही मोका छोपी संघीयताको माग गर्ने मधेशलाई ८ जिल्लामा सीमित रहने गरि प्रदेश विभाजन गरेको थियो । मेची महाकालीको २२ वटा मधेशका जिल्लालाई ६ टुकामा मधेश सरकार आनन्दपूर्वक रमाइरहेको छ ।

मधेशका राजनीतिक अगुवाहरूको व्यक्तिगत स्वार्थपूर्ति गर्ने सुखद अवसर प्रदान गरेर राज्यसताले कस्तो सूक्ष्म तरिकाले मानवीय मूल्यको ह्रास गरायो, स्वयं अगुवाहरूलाई पनि थाहा भएन । बहुसंख्यक जातीय अगुवाहरूले चीरकालसम्म राजनीतिमा आफ्नो वर्चस्व बनाई राख्न जातीय आधार नै रोजेपछि समग्र मधेशप्रतिको आस्था र दायित्व कसैमा रहेन । ८ जिल्ला बाहेकका मधेश आफ्नो मैलिकता छोड्न बाध्य भयो । समग्र मधेशको मुक्ति आन्दोलन "संघीय लोकतान्त्रिक गणतन्त्र"को यज्ञशालामा भष्मीभत भएको छ । पुतश्चः यो पुस्ताले मधेश मुक्तिको कुरा गर्न नसक्ने गरी अपाङ्ग भएको छ ।

आन्दोलन पश्चात् मधेशको राजनीतिभन्दा व्यक्ति प्रधानको राजनीतिमा होमिएको तीनवटा पार्टी (मधेशी जनअधिकार फोरम, तमलोपा र सद्भावना) १३ वटा पार्टी बनाए । विभाजनमा बढी रमाउने मधेशका राजनीति अगुवाहरू पार्टी बनाएर अधिक से अधिक नेतृत्वकर्ता बने । विखण्डित अवस्थामा चुनावको कठोर प्रहारबाट आहत भई यीनले विभाजित पार्टीलाई जोड्ने प्रयासमा लागे । पार्टीको अध्यक्ष बनेर नाम चलाइसकेकाहरूको महत्वाकाँक्षा यति ठूलो थियो कि कोही कसैको मातहतमा वस्न चाहँदैन्थ्यो । अध्यक्षमण्डल बनाएर पालैपालो सबैले नेतृत्व गर्ने शर्तमा विभाजित रहेको ६ वटा पार्टी एकीकृत भएको राष्ट्रिय जनता पार्टी (राजपा) नेपाल बन्यो । व्यक्तिगत राजनीतिका कुशल नेतृत्व गरेका यी अनुहारहरू मधेश मुद्दाबाट टाढिए पनि सत्तासँग दलीय स्वार्थ पूरा गराउन बेला मौका मधेशको मुद्दा उठाई रहन्थ्यो ।

जातीय बाहुल्यताको आधारमा पहिचान बनाउन सफल संघीय समाजवादी फोरमलाई राज्यले पनि अलि बढी आदरपूर्ण व्यवहार गरेका कारण उनी मधेशका मसीहा नै बने । संघीय समाजवादी फोरम र राजपाबीचको एकीकरण त कल्पना मात्र थियो । राजपालाई कुनै महत्व नदिने, मधेशको सर्वाधिकार आफ्नो हिस्सामा देख्ने संघीय समाजवादी फोरमको महत्वाकाँक्षा नै एकीकरणको बाधक देखिएको थियो ।

ओलीको दल विभाजन विधेयकले हठात् रातारात राजपा र समाजवादी पार्टीको एकीकरणको लगन गाँठो कसी दियो । समय, परिस्थितिले दुबै पार्टीलाई एकै रातमा जनता समाजवादी पार्टीको नामले परिचित गरायौं । राजनीतिक परिस्थितिले राज्यद्वारा तोडफोड गरिएको मधेशका पार्टीहरू एक भई तेश्रो शक्तिको रूपमा उदाएको जसपाबाट अरू शक्ति जसरी चिन्तित बनेको छ । जसपा अहिले पनि निश्चिन्त छ । जसपाभित्र अनेक जहरीला प्रवृतिको संकलन रहेको यसले आफ्नो विशालकाय आकार कायम राख्ला जस्तो लाग्दैन ।

स्वार्थै स्वार्थ र अवसरवादी चरित्रको समूहलाई गिरोह भनिन्छ, गुट भनिन्छ, पार्टी भनिदैन । मधेश मुक्तिको अभिारा बोक्ने पार्टीको क्रान्तिकारी चरित्र तब धराशायी हुन्छ जब पार्टी व्यक्तिगत स्वार्थमा अगाडी बढ्छ । बढेकै पनि छ । पार्टी चलाउन पैसा चाहिन्छ । पैसा दिएर गलत मानिस नीति निर्माणको तहमा आँउछन् । क्रान्तिकारी शक्तिको अवमूल्यन हुन्छ । ती शक्ति पार्टीबाट पलायन हुन्छ र सो पार्टीको क्रान्तिकारी छवि समाप्त हुन्छ । यही भएको छ । मौलिकता सबैको हराएको छ । मुखले क्रान्तिकारी भाषा जतिसुकै प्रयोग गरेपनि क्रान्तिकारी चरित्र छैन भने अधिकार आन्दोलन गतिशील हुन सक्दैन । हामीले अहिलसम्म के पायौं र के गुमायौं, ईमान्दारीपूर्वक समीक्षा गरौं । उत्तर निश्चय पाउनेछौं ।

# सिख धर्मावलम्बीमाथि विभेद




भोला बनियाँ

नेपालको राष्ट्रिय मिडिया कहलाउनेहरूले मधेशमा अल्पसंख्यक रूपमा रहेका सिख धर्मावलम्वीहरूको समाचार निकै नै कम सम्प्रेषण गर्ने गर्दछन् । राष्ट्रिय मिडियाहरूले यस्ता अल्पसंख्यक धार्मिक समूहको समाचार बढी संम्प्रेषण गर्ने ठाउँमा निकै नै कम मात्रामा गरेर यस्ता धार्मिक समूहलाई विभेदपूर्ण तरिकाले हेर्ने गरेको छन् । हरेक धार्मिक समूहको आ-आफ्नो रितिरिवाज, परम्परा, मूल्यमान्यता, विभिन्न चाडपर्व, विभिन्न धार्मिक क्रियाकलापहरू रहेका हुन्छन् । तर आफूलाई राष्ट्रिय मिडिया कहलाउनेहरूले सिख धर्मावलम्बीको समाचार निकै नै कम संप्रेषण ागर्ने गर्दछन् । जुन धेरै गम्भिर कुरा हो ।

नेपालको दक्षिणतिरसम्म परेको मधेशको भूभाग जुन पूर्वको झापादेखि पश्चिमको कञ्चनपुरसम्म फैलिएको छ । त्यहाँ रहेका अल्पसंख्यक रूपमा सिख धर्मालम्बीहरूलाई राष्ट्रिय मिडियाहरूले प्राथमिकतामा राखेनन् । बरू उनीहरूलाई गैरनेपाली भनेर हेर्न थाले । वि.सं. २०६२/६३ साल पछिको लोकतन्त्रले राष्ट्रिय मिडियाहरूमा समावेशिता ल्याउन सकेन । जुन धेरै दुःखद् कुरा हो । यसले गर्दा राष्ट्रिय मिडियाहरूमा हालिमुहाली रहेकै समूहरूको प्रभुत्व देखियो । राष्ट्रिय मिडियाहरूले वास्तविक आखाबाट मधेशका सिख धर्मालम्बीहरूलाई हेर्ने प्रयत्न नै गरेनन् । नेपालमा राष्ट्रिय स्तरका मिडियाहरूको सामग्री हेर्ने हो भने त्यहाँ सिख धर्मालम्बीको १ प्रतिशत पनि सामग्री प्रसारण भएको देखिदैन । जसरी देशमा प्रमुख निकायमा कुनै पनि सिख धर्मालम्बीलाई राखिदैन त्यस्तै गरी राष्ट्रिय मिडियाहरूले सिख धर्मालम्बीको समाचारलाई प्रमुखताका साथ छाप्दैनन् । सिख धर्मालम्बीको जीवन, उसको हाँसो, रोदन, उसको संघर्ष, उसको कला, संस्कृति, उसको विशिष्टतालाई नेपालको राष्ट्रिय मिडियाहरूले सम्मानजनक स्थान दिएको पाइदैन । यहाँसम्म कि कुनै पनि राष्ट्रिय मिडियाहरूले आफ्नो संवाददाताको रूपमा सिख धर्मालम्वीहरूलाई राखेका छैनन् । जुन धेरै दुःखलाग्दो कुरा हो । यसले पनि प्रष्ट देखिन्छ नेपालका राष्ट्रिय मिडियाहरू कतिको समावेशी रहेका छन् । सिख धर्मालम्बीहरूको चाडपर्वको अवसरका कुनै पनि राष्ट्रिय मिडिया चाहे त्यो टेलिभिजन होस् वा एफएम रेडियोहरू होस् कार्यक्रममै गएर प्रत्यक्ष प्रसारण गरेको देखिदैन ।

सिख धर्मावलम्बीहरूले गित संगित र कलाकौशलको सम्बन्धमा गरेको उपलब्धीहरूलाई नेपालको राष्ट्रिय मिडियाले प्राथमिकतामा राखेको पाइदैन । यसबाट नयाँ कलात्मक सिख धर्मावलम्बीहरूले हौशला पाएका छैनन् । राष्ट्रिय मिडियाहरूले सिख धर्मालम्बीहरूको कला-कौशल सम्बन्धबारेमा पनि समाचार प्रसारण गर्दैनन् । देशमा विभिन्न प्रकारका कला संस्कृतिको अभियान चलाइन्छ र त्यसलाई नेपालका राष्ट्रिय मिडियाहरूले निकै उत्साहको साथमा प्रकाशन प्रसारण गर्दछन् तर आफ्नै देशको शिख धर्मावलम्बीको कला-संस्कृतिलाई उत्साह साथ नेपाली राष्ट्रिय मिडियाले प्रकाशन र प्रसारण गर्दैन । जुन धेरै दुःखद कुरा रहेको छ । यसले समावेशिताको उपहास गरेको छ ।

# जसपा फुटाउनेको राजनीतिक भविष्य संकटमा पर्छ

हामी अधिकारका लागि आन्दोलन गरेका थियौं र सोही पृष्ठभूमिमा पार्टीको निर्माण भएको छ। जतिबेला हामी अधिकारका कुरा उठाइरहेका थियौं त्यो बेला ओली, प्रचण्ड र देउवा सबै एकतिर थिए। हामीमाथि दमन भइरहँदा कसैले पनि हाम्रो पक्षमा बोलेनन्। अहिलेको परिस्थितिमा यदि आफ्ना मागहरू पूरा गराउन नेताहरूले पहल गरिरहनुभएको छ भने त्यो गलत होइन।



**अमरेश नारायण झा**
**लेखा परीक्षण समितिका प्रमुख**
**जनता समाजवादी पार्टी नेपाल**

**० जसपा निर्माण भएको एक वर्ष नपुग्दै किन अन्तरकलह बढ्दै गएको छ ?**

– पार्टीभित्र देखिएको अन्तरकलह भनेको लोकतान्त्रिक संस्कारको अभ्यास हो। यो अभ्यासमा केही कमी कमजोरी भएको होला, जसले गर्दा यो अन्तर्द्वन्द्व जस्तो देखिएको हो। प्रजातान्त्रिक तरिकाले आ-आफ्नो विचार राख्ने काम भइरहेको छ। किनभने नेपालमा आजको दिनमा सबैभन्दा बढी प्रजातान्त्रिक पद्दतिमा चल्ने कुनै पार्टीको निर्माण भएको छ भने त्यो हो जसपा। यहाँ विभिन्न सोचका साथीहरू हुनुहुन्छ। उहाँहरू आफ्ना विचार स्वतन्त्ररूपमा राख्नका लागि पनि स्वतन्त्र हुनुहुन्छ। तर, यसमा कहीँ न कहीँ कमजोर रहन गएको छ। यसले गर्दा बाहिर एउटा सन्देश गइरहेको छ कि जसपाभित्र अन्तरकलह छ।

**० पार्टीभित्र विभिन्न विचारहरू हुन्छन्, असन्तुष्टिहरू पनि हुन्छन्, तर ती कुराहरू सार्वजनिक रूपमै एकले अर्कामाथि आरोप लगाउनु उचित हो ?**

– निश्चितरूपमा यसमा नेतृत्ववर्गको कमी कमजोरी हो। किनभने यस्ता किसिमका असन्तुष्टिहरूबारे पार्टीभित्र भएका विभिन्न मञ्चहरूमा छलफल गर्नुपर्ने हो। ती विषयवस्तुमा छलफल भएर प्रजातन्त्रमा सामूहिक निर्णय हुन्छ या बहुमतले हुन्छ। तर जे निर्णय हुन्छ त्यो सबैले मान्नैपर्ने हुन्छ। अहिले जसरी बाहिर मिडिया वा सामाजिक सञ्जालमा अलग-अलग विचार राख्नुभन्दा पनि पार्टीभित्र एउटा मत बनाएर जानुपर्छ।

**० एउटा मत बनाउनका लागि पार्टीका विभिन्न समितिहरू छन्, त्यसको बैठक नै बस्न सकिरहेको छैन नि ?**

– यो हाम्रो नेतृत्ववर्गको कमी हो। हामी सबैलाई थाहा छ कि कस्तो परिस्थितिमा दुई पार्टी मिलेर जसपाको निर्माण भएको थियो। दुई फरक प्रकृतिका पार्टी विशेष परिस्थितिका कारण एक भएको थियो। यस्तो स्थितिमा अझै गम्भीरतापूर्वक नेतृत्ववर्गको बीचमा छलफल हुनुपर्ने र निर्णय गर्नुपर्ने हो। तर त्यसो हुन सकिरहेको छैन। जसले गर्दा अहिले बाहिर यस्ता विवादहरू देखा परिरहेका छन्।

**० गत चैत ५ गते केन्द्रीय कार्यकारिणी समितिको बैठक बस्ने मिति तय भयो तर स्थगित भयो किन ?**

– निश्चितरूपमा बैठकको जिम्मेवारी पार्टीका नेताहरूको हुन्छ। बैठक बस्न सकिरहेको छैन भने नेताहरू नै दोषी हुन्।

**० बैठक बस्न नसक्नु, एकले अर्कामाथि दोषारोपण गर्नुले पार्टी विभाजनतिर गइरहेको संकेत हो ?**

– कुनै पनि हालतमा जसपा विभाजन हुँदैन। जसले पार्टीलाई विभाजन गर्छ उसलाई जनताले माफ गर्दैन। किनभने जसपा निर्माण कुनै नेता विशेषको इच्छाले मात्रै भएको होइन, आमजनताको भावना र चाहनासँग जोडिएको छ। यदि हामीले आमजनताको भावना र चाहनाविपरीत कुनै कदम चाल्यो भने अब जनताले हामीलाई माफी दिनेवाला छैन। अब जनता बेबकुफ छैन कि हामी जे भन्छौं त्यो मानिहाल्छ। जनता राजनीतिक रूपमा पनि सजग भइसकेका छन्, सबैको चरित्रलाई हेरिसकेका छन्। कसले के गरिरहेका छन्, जनताले मूल्यांकन गरिरहेका छन्।

**० ओली सरकारलाई माओवादी केन्द्रले दिइरहेको समर्थन फिर्ता लियो भने जसपा विभाजन हुने संकेतहरू प्रष्टरुपमा देखिएका छन् नि ?**

– कसैले आफ्नो स्वार्थका लागि यदि पार्टीलाई विभाजन गर्छ भने उसको राजनीतिक भविष्य संकटमा पर्छ। त्यसैले जसपा फुट्ने सम्भावना पनि छैन। किनभने जनता र कार्यकर्ताको रगत पसिनाबाट निर्माण भएको यो पार्टी हो। मधेशीले शहादत दिएको धेरै दिन पनि भएको छैन। मधेशीको सहादतबाट निर्मित यो पार्टी हो। शहीदहरूको नाममा हामीले भोट पाइरहेका छौं। तर हामीले कर्तव्य गरेर देखाउन सकेका छैनौं। हामी सजग छौं कि पार्टी नफुटोस्। कुनै कमी कमजोरी छ भने बैठक बसेर छलफल गरेर त्यसको समाधान खोज्नुपर्छ।

**० जसपामा अहिले त ध्रुवीकरण तीव्र भइरहेको छ ?**

– देशको अहिलेको राजनीतिक अवस्थाको लाभ उठाउनुपर्छ। हामीले समयको लाभ उठाएनौं भने आफ्ना जनतालाई केही दिन सक्दैनौं। मौकाको फाइदा उठाउनका लागि यदि नेताहरूले भूमिका निर्वाह गर्नुहुन्छ भने त्यो राम्रो कुरा हो। अहिले हाम्रा नेताहरू यसैमा लाग्नुभएको छ। मधेशको माग कसरी पूरा हुन्छ भन्ने कुरामा सबैले आआफ्ना धारणाहरू राखिरहनुभएको छ। तसर्थ पार्टीभित्र कुनै ध्रुवीकरण छैन। हामी आफ्नो मुद्दामा केन्द्रित छौं।

**० उपेन्द्र यादवले ओलीसँग कुनै पनि हालतमा सहकार्य हुनसक्दैन भनिरहनुभएको छ भने महन्थ ठाकुर र राजेन्द्र महतोले माग पूरा गर्‍यो भने सहकार्यबारे सोचौंला भन्नुभएको छ। त्यसैले यदि माओवादीले समर्थन फिर्ता लियो भने जसपामा विभाजन रेखा स्पष्टरूपमा कोरिएको छ नि ?**

– अहिले दुवै पक्षले आआफ्ना व्यक्तिगत धारणा राखिरहनुभएको छ। कुनै निर्णय हुँदा सामूहिकरूपमा नै हुन्छ र त्यो सबैलाई मान्य हुन्छ। हामी अधिकारका लागि आन्दोलन गरेका थियौं र सोही पृष्ठभूमिमा पार्टीको निर्माण भएको छ। जतिबेला हामी अधिकारका कुरा उठाइरहेका थियौं त्यो बेला ओली, प्रचण्ड र देउवा सबै एकतिर थिए। हामीमाथि दमन भइरहँदा कसैले पनि हाम्रो पक्षमा बोलेनन्। अहिलेको परिस्थितिमा यदि आफ्ना मागहरू पूरा गराउन नेताहरूले पहल गरिरहनुभएको छ भने त्यो गलत होइन।

**० जसपाभित्र स्पष्टरूपमा देखिएका दुईधारमध्ये कुन सही हो ?**

– जसपाको एउटा मात्रै लाइन हो कि आफ्ना माग र मुद्दा कसरी सम्बोधन गराउने। जसपा अहिले आफ्नो माग र मुद्दा सम्बोधनका लागि नै आफ्नो गतिविधि अगाडि बढाइरहेको छ। जसपा एउटा प्रजातान्त्रिक पार्टी हो। उपेन्द्र यादवले भोली बन्ने सरकारले मधेशको मागहरू कसरी सम्बोधन हुन्छ भन्ने कुरा गर्नुहुन्छ। अर्कोतिर महन्थ ठाकुर र राजेन्द्र महतोजीले यही सरकारसँग आफ्नो माग पूरा गराउन चाहनुभएको छ। जसपा अहिले सत्तापक्ष र विपक्षीहरू सबैसँग आफ्नो माग सम्बोधनका लागि कुरा गरिरहेको छ।

**० भोली बन्ने सरकारले तपाईंहरूको माग पूरा गर्छ भन्ने सुनिश्चितता छैन तर अहिलेको सरकारले प्रक्रिया अगाडि बढाइसकेको छ नि ? यो सरकारलाई किन सहयोग गर्न सकिँदैन न त ?**

– जसपा कसैको पिछलग्गु बन्नै पर्छ भन्ने छैन। कसले हाम्रो माग पूरा गर्छ सक्छ वा गरिरहेको छ भन्ने कुरामा कोसँग जानेबारे निर्णय गर्ने अधिकार त हाम्रो पार्टीलाई छ नि। हाम्रा मागहरू सम्बोधन गराउनका लागि नेताहरूले आआफ्नो हिसाबले कुरा गरिरहनुभएको छ। उत्पीडित, उपेक्षित र अन्यायमा परेकाहरूलाई अधिकार दिलाउनका लागि जसपाको निर्माण भएको हो। सबभन्दा बढी समावेशी पार्टी हो।

**० लुम्बिनी प्रदेशमा पनि जसपा सरकारमा सहभागी भयो। यसलाई केन्द्रीय कमिटीले कसरी हेरिरहेको छ ?**

– जसपा लोकतान्त्रिक पार्टी हो। संघीयता लागू गराउने पार्टी पनि जसपा नै हो। संघीयताको मूलमन्त्र नै हो कि आत्मनिर्णयको अधिकार। त्यसैले लुम्बिनी प्रदेशका सांसदहरूले आफ्नो अधिकार प्रयोग गरेका छन्। प्रदेशमा अहिले जसपा समायोजन भइसकेको छैन। प्रदेशका पूर्वपार्टी अध्यक्षहरूलाई लाग्छ कि अहिलेसम्म हामी नै अध्यक्ष हौं। एक पक्षले मन्त्री बनेकाहरूलाई कारबाही गरेको छ भने अर्कोले समर्थन। प्रदेशको घटनाक्रमले केन्द्रमा कुनै असर गरेको छैन। ती दुवै जनाको अध्यक्षको विज्ञप्ति आधिकारिक छैन।

**० तर प्रदेश कमिटीले ती मन्त्रीहरूलाई कारबाही पनि गरेको छ नि ?**

– जसपाको प्रदेश कमिटीहरू अहिलेसम्म समायोजन हुन सकेको छैन। जसले सबैले आआफ्नो तरिकाले गरिरहेका छन्। केन्द्रले यसबारे एउटा निष्कर्ष निकाल्छ। केन्द्रीय नेताहरूले लुम्बिनी प्रदेशबारे अहिले छलफलमा हुनुहुन्छ। उचित समयमा पार्टीले उचित निर्णय गर्छ।



**ई.इन्द्रजीत यादव**
**उप–महासचिव, जनमत पार्टी**

# जनमतको हरेक गतिविधि अब चुनावकेन्द्रित हुन्छ

**० जमतको महाधिवेशन कस्तो रहयो ?**

– जनमत पार्टीको प्रथम महाधिवेशन ऐतिहासिक रूपमा गत चैत २८ गते जनकपुरधामको बाह्रबिघामा सम्पन्न भयो। यसको मूल भाव जनताको बीचबाट चुनिएर आएका पार्टीका जुन संस्थागत पदाधिकारीहरू हुन्, उनीहरू छनौट भएका छन्। लोकतन्त्रको मान्यताअनुसार जनमत पार्टीले ऐतिहासिक प्रथम महाधिवेशन सम्पन्न गरेको छ।

**० महाधिवेशनबाट जनमतले जनतालाई के सन्देश दिएको छ ?**

– जनमत पार्टीको प्रथम महाधिवेशनबाट उल्लेख्यरूपमा जनसहभागिता देखिएको थियो। हाम्रो महाधिवेशनमा जनताहरू स्वत:स्फूर्तरूपमा सहभागिता जनाएका थिए। मधेशमा अब जनमत पार्टी एउटा वैकल्पिक शक्तिको रूपमा आइसक्यो भन्ने खालका जनताको भावना पनि देखियो। जनताको माग र अधिकार जनमत पार्टीले पूरा गराउन सक्छ भन्ने विश्वास पनि सो सहभागिताले अभिव्यक्त भएको हामीले महसुस गरेका छौं। अन्य राजनीतिक दलहरूले जतिसुकै आश्वासन वा भाषण गरे पनि जनमत बाहेक अन्य कुनै पनि विकल्प छैन। मधेशले अब विकल्प पाइसक्यो।

**० अन्य दल र जनमतको महाधिवेशनमा के अन्तर थियो ?**

– जनमत पार्टी भनेको जनताको बीचबाट जन्मिएको र लोकतान्त्रिक मूल्यमान्यतालाई आत्मसात गर्दै आफ्नो पहिलो ऐतिहासिक महाधिवेशन सम्पन्न गरेको छ। मधेशकेन्द्रित दलहरूले आफ्नो महाधिवेशन गर्न सकिरहेका थिएनन्। ती पार्टीहरूमा अहिले पनि टीका लगाएर मनोनयन गर्ने प्रचलन अहिले पनि जारी नै छ। तर जनमत पार्टी आफ्नो गठनको दुई वर्षकै अवधिमा यत्रो भव्यताका साथ महाधिवेशन सम्पन्न गरेको हो।

**० आगामी दिनमा जनमत कसरी अगाडि बढ्छ ?**

– हामीसँग प्रष्ट भिजन र केही गर्ने जोश जाँगर छ। जनमत पार्टीमा सबै सदस्यहरू पढेलेखेका र विकास निर्माण फड्को मार्न सक्ने अनुभव छ। हाम्रा अधिकांश साथीहरू विदेशमा भइरहेको विकास निर्माणका बारे अनुभव राख्नुभएको छ। यहाँ अनपढहरूले पढेलेखेकाहरूमाथि शासन गरिरहेका छन्। स्थानीय तहमा हेर्दा कतिपय एसएलसी पनि पास नगरेका मेयर वा जनप्रतिनिधिहरूले मास्टर्स गरेका इन्जिनियरहरू माथि शासन गरिरहेका छन्। जुन काम नियम कानूनले मिल्दैन, प्राविधिकरूपमा हुन नसक्ने कामहरू पनि अहिले जनप्रतिनिधिहरूले दबाब दिएर इन्जिनियरहरूलाई काम गर्न बाध्य बनाउँछन्। त्यही कारणले अब डाक्टर, इन्जिनियर साथीहरू जागरूक भएर यो पार्टीमा लागिरहेका छन्।

**० जनमत पार्टीमा अधिकांश नेताहरू डाक्टर, इन्जिनियरहरू छन्। किन ?**

– जनमत पार्टीमा डाक्टर, इन्जिनियरहरू मात्रै हैन, सबै किसिमका व्यवसाय गर्ने साथीहरू पनि आबद्ध हुँदैछन्। पढेलेखकाले गर्ने काम र अनपढले गर्ने काममा धेरै भिन्नता हुन्छ। अहिलेसम्म किन विकास भइरहेको छैन भन्ने कुराले यसले प्रष्टयाउँछ। विश्वमा कसरी उद्योग धन्दाहरू स्थापना भइरहेको छ, कृषिको आधुनिकीकरण कसरी भएको छ लगायतका कुराहरू विदेशमा गएर पढेलेखेका वा काम गरेका साथीहरूसँग बढी अनुभव हुन्छ। उहाँहरू नै विदेशबाट आएर यो पार्टीमा लागेपछि आउने दिनमा गर्ने काम, आधुनिकीकरण, औद्योगीकरण, योजनाहरू अवश्य पनि लागू हुनेछ। अहिले भइरहेको विकास निर्माणको तुलनामा अझै पनि एडभान्स तरिकाले गर्नुहुन्छ भन्ने हिसावले नै जनमत पार्टीमा त्यस्ता पढेलेखेका साथीहरू आबद्ध भइरहेका छन्।

**० तपाईंहरूसँग भएका एजेन्डा कसरी लागू गराउनुहुन्छ ?**

– अब हाम्रो एक मात्र उद्देश्य हो, निर्वाचनमा विजयी हुने। हामीले अब गर्ने हरेक गतिविधि चुनावकेन्द्रित नै हो। केही महिनापछि मुलुकमा स्थानीय तहको निर्वाचन हुदैछ, त्यसपछि प्रदेश र संघको निर्वाचन आउँदैछ। आगामी निर्वाचनलाई मध्यनजर गर्दै हामीले मुख्यरूपमा दुईटा एजेन्डालाई अगाडि सारेका छौं। जनमत पार्टीले यदि चुनाव जित्यो भने जनता राज ल्याउने हाम्रो पहिलो अवधारणा हो। जनता राज भनेको जनताले जे चाहन्छ त्यही हिसावले हाम्रो अवधारणा बन्छ र लागू गर्नेछौं। हामीले १० लाख युवालाई रोजगारीको सुनिश्चितता गर्ने अवधारणा पनि ल्याएका छौं। जसमा मधेशको हरेक घरमा एउटा रोजगारी सिर्जना गर्ने हिसावले हाम्रो कार्यक्रमहरू छन्। विदेशमा हाम्रो करिब दुई लाखभन्दा बढी मधेशी साथीहरू हाम्रा सदस्यहरू छन्। जबकि मधेशबाट करिब सात लाख मधेशी विदेशको भूमिमा रोजगारीका लागि गएका छन्। यदि हाम्रो योजनाअनुसार काम गर्न सक्यौं भने सबैका लागि यही नै रोजगारीको सिर्जना गर्छौं। कुनै ठाउँमा विकास गर्नका लागि त्यहाँ भएका स्रोत साधनहरूलाई नै हामीले उपयोग गर्न सक्यौं भने ठूलो सम्भावना हुन्छ।

**० जनमतले प्रदेश २ मा क्लिनस्वीप गर्ने दाबी गरेको छ, सम्भव देख्नुहुन्छ ?**

– चुनावका बेला जसले बढी पैसा खर्च गर्छ उ नै जित्छ भन्ने कुरा छैन। जनता अहिले जागरूक भइसकेका छन्। जनता अब पैसा वा दारू मासुको पछाडि लाग्दैन। जोसँग विकास र समृद्धिको एजेन्डा हुन्छ र जसले गर्ने दृढ संकल्प देखाउँछ उसलाई नै जसपाले मतदान गर्ने हो। हामीसँग स्पष्ट रोडम्याप छ, हामी जनताका बीच आफ्ना एजेन्डा स्थापित गर्न लागिपरेका छौं। विगतमा सबैले जनतालाई ठूलठूला आश्वासन दिएर ठगेका छन्। बारम्बार ठगिएकाहरूलाई नै जनताले फेरि उनी पात्रहरूलाई मतदान गर्दैनन्। जनता राज हाम्रो पहिलो प्राथमिकता हो र हामीले आफ्नो यो एजेन्डा लागू गराएरै छाड्छौं। अहिलेको हाम्रो मुख्य टारगेट चुनाव केन्द्रित नै हुन्छ। हामीले जनताका माझ गरेका प्रतिबद्धताहरू पूरा गर्नेछौं। हामी जनताका बीच जाँदा हामीप्रति अलि बढी विश्वास र आशा रहेको पाउँछौं। किनभने पहिला-पहिला चुनावमा जनतासँग विकल्प थिएन तर अब जनताकै बीचबाट जन्मिएको पार्टी जनताका लागि काम गर्न आइसकेको छ। त्यसैले 'अब कि बार जनमत की सरकार' भन्ने हाम्रो नारा पनि हो।

**० आउँदो चुनावमा जनताले जनमतमाथि विश्वास गर्छ ?**

– पूराना सबै दलहरूबाट जनता निराश भइसकेका छन्। विगतमा विकल्प थिएन, विकल्पविहीन अवस्था थियो। तर अब जनमत आइसकेको छ। जनताको आदेशबाट नै यो पार्टीको निर्माण भएको हो। जनमतले जनतालाई निराश गर्दैन भन्ने हामी प्रतिबद्धता गर्न चाहन्छौं। हाम्रो महाधिवेशनमा जनताको जनलहरले हामीलाई स्पष्ट जनादेश दिइसकेको छ कि अब जनमतको विकल्प छैन। हाम्रो महाधिवेशनमा जनतालाई आह्वान गरेका थिएनौं, तैपनि जनलहर नै देखियो। जुन किसिमको जनमतप्रति जनताको आशा र विश्वास देखियो त्यसलाई हामीले टुट्न दिँदैनौं। हामीले पैसा वा पदका लागि राजनीति गर्ने होइन। हाम्रो पार्टीमा रहेका नेताहरूको राजनीतिक पृष्ठभूमि छैन, तर सबैले राजनीतिलाई राम्रोसँग अध्ययन गरेका छन्।

**० जनमतले मधेशमा केपी ओलीलाई सहयोग गरिरहेको भन्ने आरोप छ नि ?**

– यी सबै कुराहरू राजनीतिक प्रोपोगण्डा हो। मधेशमा जनमतप्रति बढ्दै गएको आकर्षणलाई केही तत्वहरूले पचेको छैन। ओलीसँग को नजिक छ र कसको साँठगाँठ छ भन्ने कुरा जनताले बुझिरहेका छन्। अहिलेकै राजनीतिक अवस्था हेर्नुस्, जसलाई गाली गरेर जनताको मत बटुले, अहिले उसैसँग साँठगाँठ गर्न पुगेका छन्। उनीहरूले चुनावमा पनि गठबन्धन बनाउँछन्। विगतमा उनीहरू पटक-पटक सरकारमा गएकै छन्। तर अहिलेसम्म हामीले कुनै पनि सरकारमा गएका छैनौं र कुनै किसिमको साँठगाँठ पनि छैन। तत्कालीन स्वतन्त्र मधेश गठबन्धन र केपी ओली नेतृत्वको सरकारबीच भएको सम्झौतापछि कुनै पनि किसिमको सहकार्य भएको छैन। हुँदै नभएको कुराहरू प्रचार गरिएको छ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# दोषी प्रणाली होइन, पात्र हुन्



ललित कुमार यादव

> वर्तमान अन्योलताको बादल हट्न जसपाको निर्णयको वर्षा हुनै पर्छ। विश्वको कयौं देशमा वर्षौंदेखि सफल रूपमा चल्दै आएको संसदीय प्रणाली नेपालमा सहज र सफल रूपमा चल्न सकेको छैन। यस्तोमा संसदीय प्रणाली हाम्रो लागि उपयुक्त हुन सकेन कि ?

जनताको मतदानबाट निर्वाचित भएका प्रतिनिधिहरू अर्थात सांसदहरूले सरकार बनाउने र त्यसरी बनेको सरकारले जन अपेक्षा, चाहना र आवश्यकता अनुसार शासन गर्ने प्रणाली संसदीय शासन प्रणाली हो। संसदीय शासन प्रणालीमा व्यवस्थापिका अर्थात संसद सर्वोच्च हुन्छ। मुलुकको सम्पूर्ण कार्यकारी अधिकार सरकार प्रमुख अर्थात प्रधानमन्त्रीमा निहित रहेको हुन्छ। राष्ट्रप्रमुख अर्थात राष्ट्रपति अलंकारिक हुन्छ ।संसद जनताप्रति उत्तरदायी रहेको हुन्छ। विश्व का धेरै जसो देशहरूले यही शासन प्रणाली अपनाएको छ। संसदीय शासन प्रणालीलाइ लोकप्रिय र उत्कृष्ट शासन प्रणाली मानिन्छ। व्यवस्थापिका , कार्यपालिका र न्यायपालिका संतुलनमा रहेको हुन्छ। नेपालको शासकीय स्वरूप बहुलबादमा अधारित बहुदलीय प्रतिस्पर्धात्मक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली हुनेछ भनी संबिधानमै उल्लेख गरिएको छ।

नेपालमा संसदीय प्रणालीको परम्परा र इतिहास खासै लामो छैन। नेपालको इतिहासमा पहिलो पटक २०१५ फाल्गुण ७ देखि २०१६ वैशाख २१ सम्मा संसदको पहिलो साधारण निर्वाचन सम्पन्न भयो। पहिलो पटक निर्वाचित सांसदहरू भएको संसद गठन भयो ।उक्त निर्वाचनमा नेपाली काँग्रेसले दुई तिहाइ भन्दा बढी बहुमत प्राप्तु गर्योन ।नेपाली काँग्रेसको नेतृत्वमा पहिलो जन निर्वाचित सरकारको गठन भयो ।तर उक्त सरकार गठन भएको १६ महिनामै विघटन भयो।तत्कालीन राजा महेन्द्रले सरकार बिघटन गरे। त्यसपश्चात् हालसम्म बनेका कुनै पनि सरकारले अवधि पुरा गरेको छैन। यस बीचमा पटक-पटक संसद विघटन गर्ने काम पनि भयो। मुलुकले भोगदै आएको अस्थिरताको अन्त्य भइनसकेको अवस्था कायमै छ।

मुलुक अहिलेको अवस्थामा आइपुग्न बिभिन्न राजनीतिक संकट, आरोह र अवरोह पार गर्दै आइपुगेको हो। अहिले प्राप्त उपलब्धीहरू जानता र राजनीतिक दलहरूको ठूलो सङ्घर्षपूर्ण बलिदान र आनदोलनबाट प्राप्तप भएको हो। अहिले राजनीतिक दलहरूको नेतृत्वमा रहेका पात्रहरू पनि लामो राजनीतिक सङ्घर्षबाटै खारिएर आएका हुन्। तर तिनै पात्रहरूका कारण मुलुक पटक-पटक राजनीतिक अन्योलमा फस्ने गरेको छ। उचित निकास दिन नसक्नु मुलुकको राजनितिक नेतृत्वकै असफलता हो। तर स्वीकार गर्न तयार छैनन्। मुलुकलाई सही गाति र दिशा दिन सफल हुन नसकेका पात्रहरू नै अहिले पनि मुलुकको राजनीतिको नेतृत्वमा रहेका छन्।

०६२/६३ को जनआनदोलनबाट संविधानसभाबाट संविधान लेख्ने जिम्मेबारी दलहरूले पायो। संविधानसभामा पनि दलहरूबीच ठूलै विवाद चल्यो। दलहरूले सत्ताको मोह त्याग्न सकेन। फलस्वरूप पहिलो संविधानसभाले संविधान दिन सकेन। दोस्रो संविधानसभाबाट मात्र मुलुकले संबिधान पायो। अब मुलुकमा स्थिरता कायम हुने र मुलुकले आर्थिक र भौतिक प्रगाति हासिल गर्ने अपेक्षा जनताले गर्यो। जनताको यो अपेक्षा स्वाभाविक पनि थियो। तर, अहिले जनताको अपेक्षा दलहरूको उपेक्षामा परेको जस्तो देखिन्छ।

संविधान प्राप्त भएपश्चात् मुलुकमा आमनिर्वाचन भयो। यही निर्वाचनबाट निर्वाचित सांसदहरू अहिलेको संसदमा रहेका छन्। स्थिरता र समृद्धिको नारा लिएर एमाले र माओबादी केन्द्र संयुक्त रूपमा निर्वाचनमा गयो। जनताले विश्वास पनि गर्यो। परिणाम स्वरूप एमाले र माओबादी केन्द्रको गठबन्धनले करिब दूई तिहाइको जनमत प्राप्त गर्यो। स्थिरताप्रति जनताको अपेक्षा झन् बढ्यो। ७ मध्ये ६ प्रदेशमा पनि एमाले र माओवादी केन्द्रकै सरकार गठन भयो। पछि एमाले र माओवादी केन्द्रले पार्टी नै एकीकरण गरे। यसले मुलुक स्थिरतातिर गएको र स्थिरताले मुलुकमा समृद्धि ल्याउने बिश्वास बढायो।

एमाले माओवादी गठबन्धन पछि भएको नेकपामा सुरूदेखि नै विवाद सुरू भयो। विवाद आफ्नै दलको बहुमत सरकारलाई जसरी पनि ढाल्ने तहसम्म पुग्यो। आन्तरिक विवाद मिलाउन असफल भएपछि प्रधानमन्त्रीले प्रतिनिधिसभा नै विघटन गर्ने निर्णयमा पुगे। सर्वोच्च अदालतको फैसलाबाट पछि पुनःस्थापना भयो। यसले पार्टी एक रहन नसक्ने परस्थिति बन्यो। पछि सर्वोच्चको फैसलाले एमाले र माओवादी केन्द्र ब्युतियो। पार्टी पुरानै अवस्थामा फर्किए पनि विवाद मत्थर हुन सकेन। नेकपाको विवाद एमालेमा सरेको मात्रै हो। यो विवादले लिने रूपको बारेमा अहिले अनुमान मात्र लगाउन सकिन्छ।

प्रत्येक राजनीतिक दलको आफ्नै लक्ष्य र सिद्धान्त हुन्छ। प्रत्येक दलको चाहना सत्तामै पुग्ने हुन्छ। दलले देश र जनताको लागि राजनीति गर्ने हुनाले दलहरू देश र जनताप्रति उत्तरदायी हुनु पर्ने हुन्छ ।तर हाम्रा राजनीतिक दलहरू गुट र समुहमा बिभाजित रहेका छन्। गुट र समुहपिच्छै फरक स्वार्थ रहेको छ। लाभको पदमा आफुमात्रै जाने चाहनाका कारण नेतृत्वमै रहेका पात्रहरू गुटको राजनीतिमा सकृय हुने गर्छ। देश र जनता भन्दा पार्टिको , पार्टिभन्दा गुटको र गुटभन्दा आफ्नै चिन्ता गर्ने प्रवृती राजनीतिक नेतृत्वमा छ। पार्टिको नेतृत्वमै रहेका पात्रहरूबिच स्वर्थ बाझिने गर्छ र पार्टि एक ठाउँमा उभिन सक्दैन ।पार्टिभित्र बहस र छलफल हुनु , नेताहरूबिच मतान्तर हुनु स्वाभाविक हो। तर, विवादको रूप लिएर एउटा निर्णय र एक ठाउँमा उभिनै नसक्नु त्यो पार्टी र पार्टीका नेताकार्यकर्ता सबैको लागि दुर्भाग्य नै हो। त्यसमा पनि सत्तामा रहेको र सत्ता समीकरण बनाउनु पर्ने पार्टीमा एकमत नहुँदा त्यो देश र जनताका लागि पनि त्यति नै दुर्भाग्य हो ।साथै प्रणलीको लागि पनि खतरा नै हो।

अहिले मुलुकले भोगिरहेको राजनीतिक अन्योलको सिर्जना सत्तामा रहेको तत्कालीन नेकपाको आन्तरिक विवादबाट भएको हो। यो अन्योल क्रमश प्रदेशतर्फ सर्न लागेको छ। नेकपाले आन्तरिक विवाद मिलाउन सकेको भए अहिलेको सरकार संकटमटमा पर्ने थिएन। सत्ताधारी दलमा भएको विवादकै कारण मुलुक वैकल्पिक सरकार खोज्न बाध्य भएको छ। तर विपक्षमा रहेका दलहरूमा पनि आन्तरिक विवाद रहेका कारण निकास निस्किन सकेको छैन।

विवादकै कारण एमाले र माओवादी केन्द्रको एकता भंग हुन पुग्यो। माओवादी केन्द्रले १६ जना सांसद गुमाएको छ। १६ जना सांसद गुमाएर भएपनि माओवादी केन्द्रले आफ्नो कित्ता स्पष्ट गरेको छ र प्राप्त सत्ता गुमाएर सत्ताको खोजीमा रहेको छ। तर खोजीमा सफल हुने सूत्र भेटाउन सकेको छैन। माओवादी केन्द्रसँगको सम्बन्ध विच्छेद गरेका एमालेमा विवाद मत्थर हुनुको सट्टा झन् चर्केको छ। १५ वर्ष निरन्तर पार्टीको नेतृत्व गरेका नेता माधव नेपाल कारवाहीमा परिसकेको छ। नेपाल-खनाल समानान्तर पार्टी चलाउने अभ्यास गर्दै छ।

प्रमुख प्रतिपक्षि दल वेटिङ्ग सरकारको रूपमा संसदमा रहेको हुन्छ। तर , काँग्रेस नेतृत्वको सरकारको नेतृत्व गर्ने सभापति देउवा नै वैकल्पिक सत्ता समीकरण बनाउन तयार रहेको देखिदैन। पछिल्लो समयमा देउवाले अग्रसरता लिएको देखिएपनि देउवा निर्वाचनमै जान खोजेको छ। देउवाको सार्वजनिक अभिब्यक्तिले यसको पुष्टी गरिसकेको छ। काँग्रेसले आफ्नै नेतृत्वमा सरकार बनाउन अग्रसरता लिने निर्णय गर्नुको पछाडि पौडेल र सिटौलाको दबाबले काम गरेको हो। यो निर्णय देउवाले आफ्नो इच्छा विपरित लिन बाध्य भएका थिए। देउवाको इच्छा नभएकै कारण काँग्रेसले निर्णयलाइ सफल बनाउन प्रयास गर्न ढिलो गरेको र देखावटी पहल गरेको हो। प्रमुख प्रतिपक्षि काँग्रेस पनि एउटै कित्तामा उभिएको अवस्था छैन।

सत्ताको साँचो लुकाएर बसेको प्रतिपक्षि जसपाभित्र झन् ठूलो विवाद छ। सरकारले राजनीतिक दल विभाजन सम्बन्धि अध्यादेश ल्याएर जसपा गठन हुने साइत जुराइ दिएको थियो। अब जसपालाई फुट्ने साइत पनि सरकारले नजुटाइदेला भन्न सकिन्न। जसपा एक हुनु भन्दा फुटको बाटोमा अगाडी बढेको देखिन्छ ।जसपा प्रधानमन्त्री ओली र काँग्रेस - माओवादी केन्द्र दुवै पक्षसँगको वार्तामा रहेको छ। तर, औपचारिक निर्णय लिन सकेको छैन। आन्तरिक विवादकै कारण जसपाले सत्ताको साँचो कसैलाई सुम्पिन सकेको छैन। जसपाभित्र आफ्नै नेतृत्वमा जानु पर्ने अवाज पनि उठेको छ। तर , जसपालाई मौनता तोड्न सकस परेको छ। वर्तमान अन्योलताको बादल हट्न जसपाको निर्णयको वर्षा हुनै पर्छ।

विश्वको कयौं देशमा वर्षौंदेखि सफल रूपमा चल्दै आएको संसदीय प्रणाली नेपालमा सहज र सफल रूपमा चल्न सकेको छैन। यस्तोमा संसदीय प्रणाली हाम्रो लागि उपयुक्त हुन सकेन कि ? प्रश्न उठनु पनि स्वाभाविक नै हो। तर मुलुकले बारम्बार ब्यहोर्नु परेको राजनीतिक अन्योल र संकटका लागि दोषी को ? गहन बहस र छलफल हुनै पर्ने देखिन्छ। प्रणाली आफैमा साध्य होइन, साधन मात्र हो। त्यसरी नै राजनीतिक दल पनि साधन मात्रै हो, साध्य होइन। राजनीतिक दलहरूको नेतृत्वमा रहेका पात्रहरूले आफैले बनाएको विधान र पद्धतिमा आफ्ना सिद्धान्त र लक्ष्यबाट विचलित नभई दल चलाएमा दलहरूमा पनि आन्तरिक विवाद खासै हुँदैन।

दल र प्रणाली चलाउने पात्रले हो। प्रणाली चलाउने पात्र सही भएमा आफ्ना आवश्यकता अनुसार प्रणालीमा फेरबदल गर्न सकिन्छ। संसदीय प्रणाली अपनाएका देशहरूले पनि आफ्ना आवश्य कता अनुसार फरक फरक तरिकाले प्रयोग गरेको पाइन्छ। प्रणाली जति उत्कृष्ट भएपनि प्रणाली चलाउने पात्र उत्कृष्ट भएन भने प्रणाली सफल हुन सक्दैन। तसर्थ दोषी प्रणाली होइन, पात्र हुन्।

lkskeshariaaryan@gmail.com

# बैशाखभित्रै रेल सञ्चालनमा आउँछ : मन्त्री नेम्वाङ

जनकपुरधाम। भारतको सीमावर्ती क्षेत्र जयनगरदेखि जनकपुरधामसम्म यसै महिनाभित्र रेल सञ्चालनमा आउने भौतिक पूर्वाधार तथा यातायात मन्त्री बसन्तकुमार नेम्वाङले दावी गरेका छन्।
उनले कोरोना महामारीको कारण रेल सञ्चालनमा आउन नसकेपनि परिस्थिति राम्रो भए यसै महिनाभित्र रेल सञ्चालनमा आउने बताएका हुन्।
शनिबार जनकपुरधाममा पत्रकार सम्मेलनको आयोजना गर्दै मन्त्री नेम्वाङले नेपाली जनताको चाहनाअनुरूप चाँडै रेल संचालनमा ल्याउने आफूहरूको योजना रहेको बताए।
उनले ३५ किलोमिटर रेल संचालनमा ल्याउने तयारी गरिरहेको र यसको लागि कर्मचारीलाई दुई/तीन दिनभित्र तालिमको व्यवस्था गर्न लागेको बताए। उनले ठ्याक्कै यही मितिमा रेल चल्ने भन्न नसकिए पनि वैशाख महिनाभित्रै कुर्थासम्म रेल संचालनमा ल्याउने गरी काम अगाडि बढाएको उनले दावी गरे।
रेल संचालनमा ल्याउनका लागि कर्मचारी भर्ना गर्न विज्ञापन गरेपनि लोकसेवा आयोगले प्रक्रिया अगाडि बढाउन नसक्दा जनशक्ति पूर्ति गर्न नसकिएको मन्त्री नेम्वाङले बताए।
उनले सामान्य प्रशासनले केही कर्मचारी पठाउन लागेको र केही कर्मचारी बाहिरबाट ल्याएर रेल संचालनमा ल्याउने बताए। कोरोनाले फेरि कठिनाइ उत्पन्न नगरे चाँडोभन्दा चाँडो रेल संचालनमा ल्याइने उनको दावी छ।
साथै उनले रेल लिक महोत्तरीको बर्दिवाससम्म जोड्ने र पूर्व-पश्चिम विद्युतीय रेलमार्गका लागि त्यहाँ रेल्वे सवस्टेशन निर्माण गर्ने आफूहरूको लक्ष्य रहेको बताए। विद्युतीय रेलमार्गका लागि बर्दिवासमा सवस्टेशन बनाउने तयारी रहेपनि जग्गा अधिग्रहणमा समस्या देखिएकाले काम अगाडि बढ्न नसकेको उनको भनाइ छ।
जयनगर-कुर्थासम्म ३५ किलोमिटर रेल लिक तयार भइसकेकाले नेपाल सरकारले गत वर्ष नै रेल सेट खरिद गरिसकेको थियो। गत असोज २ गते नेपाल सरकारले खरिद गरेको दुई सेट रेल आए पनि चल्न नसकेपछि हाल परवाहामा राखिएको छ।

## मधेश अपडेट

### नेपालगन्जमा लकडाउन

नेपालगन्ज। कोरोना महामारीले बिकराल रूप लिएपछि नेपालगन्जमा बिहीबारदेखि लकडाउन गरिएको छ। लकडाउनपछि नेपालगन्ज बजार पूर्ण रूपमा बन्द भएको छ। अति आवश्यक व्यवसाय बाहेक अरू खुलेका छैनन्। सडकमा अति आवश्यक कामका ब्यक्तिहरू मात्रै हिडेको देख्न सकिन्छ। नेपालगन्जका सबै स्थानमा सुरक्षाकर्मीको बाक्लो उपस्थिति रहेको छ भने सुरक्षाकर्मीहरूले अनावश्यक रूपमा फाट्टफुट्ट हिंडेकालाई सम्झाईबुझाई फर्काइरहेको प्रहरीले जानकारी दिएको छ। कोरोना तीव्र रूपमा फैलिएपछि स्थानीयहरू पनि सचेत बनेर आ-आफ्नो घरमा बसिरहेका छन्। नेपालगन्जमा फार्मेसी भने खुलेका छन्। प्रहरीले नेपालगन्जका विभिन्न स्थानमा गएर अनावश्यक रूपमा खुलाइएका पसलहरू भने बन्द गराएको छ। त्यस्तै भारतबाट आएर जमुनहा नाकामा आएका नेपालीहरूलाई भने नेपालगन्ज उपमहानगरपालिकाका बस गएर ल्याउने कार्य जारी छ। पहिले नै तोकिएका परीक्षा भने सन्चालन भइरहेको छ। लकडाउन एक सातासम्म हुनेछ।

### एक सातामा ६ जनाको कोरोनाले मृत्यु

पर्सा। वीरगन्जको नारायणी अस्पतालमा उपचाररत एक कोरोना संक्रमित महिलाको बिहीबार मृत्यु भएको छ। वीरगन्ज महानगरपालिका-१६, नगवा निवासी ६१ वर्षीया महिलाको उपचारका क्रममा मृत्यु भएको हो। श्वासप्रश्वासमा समस्या, कडा निमोनिया तथा उच्च ज्वरो भएकी महिलालाई यही वैशाख ५ गते अस्पताल भर्ना गराइएकामा उपचारकै क्रममा मृत्यु भएको हो। यसैसँगै कोरोना संक्रमणकै कारण पर्सामा मृत्यु हुनेको संख्या ५९ पुगेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। पछिलो एक साताभित्र कोरोना संक्रमणकै कारण जिल्लामा ६ संक्रमितको उपचारका क्रममा मृत्यु भएको छ।

### मन्त्री बनेका चार सांसदलाई स्पष्टीकरण

रूपन्देही। पार्टी नीति र निर्णयविपरीत प्रदेश सरकारमा चार सांसद मन्त्री भएपछि जसपा) को लुम्बिनी प्रदेश संसदीय दलले कारबाही प्रक्रिया अघि बढाएको छ। जसपा संसदीय दलका नेता सहसराम यादवले चारैजना सांसदलाई छुट्टाछुट्टै स्पष्टीकरण सोधेका हुन्। लुम्बिनी प्रदेश सरकार र मन्त्रिपरिषद्प्रति विश्वास छैन भन्ने जसपाको लुम्बिनी प्रदेश समितिको चैत २६ को बैठक निर्णय र वैशाख ६ गतेको संसदीय दलको बैठकमा उपस्थित भएर हस्ताक्षर गरेको निर्णय किन उल्लंघन गरेको भन्दै राजनीतिक दल सम्बन्धी ऐन २०७३ को दफा २८ को उपदफा १ (क) र २ बमोजिम ह्विप उल्लंघन किन गरेको भन्ने विषयमा स्पष्टीकरण सोधिएको हो। प्रदेश सरकार विरूद्धको अविश्वासको प्रस्तावमा हस्ताक्षर गरेका जसपा सांसद सन्तोष पाण्डेय, बिजयबहादुर यादव, कल्पना पाण्डे मन्त्री र सुमन शर्मा रायमाझी राज्य मन्त्रीमा नियुक्त भएर शपथ लिएका थिए। कल्पना पाण्डेबाहेक अन्य तीन जना अविश्वासको प्रस्तावमा हस्ताक्षर गरेका सांसद हुन्। चार सांसद मन्त्री बनेपछि जसपा दुई खेमामा विभाजन भएको छ। दुवै खेमाले छुट्टाछुट्टै कारवाही अघि बढाएका छन्। जसपाको लुम्बिनी प्रदेश समिति र रूपन्देही जिल्ला समितिले पनि चारै जनालाई कारबाही प्रक्रिया अघि बढाएको छ।

### महाराजगन्जका कार्यालय बन्द

कपिलवस्तु। कपिलवस्तुको महाराजगन्ज नगरपालिकाको कार्यालय एक हप्ताको लागि बन्द भएको छ। वैश्विक महामारीको रूपमा फैलिएको कोरोना भाइरस कोभिड-१९ को संक्रमण बढिरहेकोले रोकथाम गर्ने उद्देश्यले कार्यलाय बन्द रहने नगरपालिकाले जनाएको छ। नगरपालिकाको नगर कार्यपालिका कार्यालयका केही कर्मचारीहरूमा समेत कोरोना संक्रमण पुष्टी भएकोले नगरपालिका बन्द गरिएको हो। महाराजगन्ज नगर कार्यपालिकाको बिहिबार बैठकले बैशाख १० गतेदेखि बैशाख १७ गतेसम्म बन्द रहने सूचना प्रकाशित गरेको छ। नगरपालिका भित्रका स्वास्थ्य शाखा र अत्यावश्यक सेवाहरू बाहेक नगरपालिकाको अन्य सेवाहरू बन्द रहने महाराजगन्ज नगरपालिकाको नगर प्रमुख अब्दुल कलाम र प्रमुख प्रशासकीय अधिकृत वेद प्रसाद खरेलले हस्ताक्षर गरेको सूचनामा उल्लेख गरिएको छ। नगरपालिकाका सबै वडा कार्यालयहरू र सबै स्वास्थ्य संस्थाहरू भने यथावत रूपमा सञ्चालन हुने छन्।

### संक्रमण बढेपछि वीरगन्जका विद्यालय बन्द

वीरगन्ज। वीरगन्ज महानगरपालिकामा कोरोना संक्रमितको संख्या बढ्दै गएपछि महानगरका विद्यालय बन्द गरिएको छ। कोरोना संक्रमण थप फैलिन नदिन तथा त्यसबाट बच्न वीरगन्ज महानगरपालिकाभित्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयमा कक्षा १ देखि ५ सम्मका कक्षा बन्द गरिएको हो। वीरगन्ज महानगरलेसूचना जारी गर्दै फैलिँदै गएको कोरोना संक्रमणको प्रत्यक्ष जोखिममा विद्यालयका बालबालिका पर्ने भएकाले जोखिमको परिस्थितिलाई ध्यानमा राख्दै कक्षा १ देखि ५ सम्मको अर्को सूचना नभएसम्म वैशाख ६ गते सोमबारदेखि पठनपाठन बन्द गरिएको जानकारी गराइएको छ। साथै, विद्यार्थीको आन्तरिक मूल्यांकनबाट कक्षा वृद्धि गर्ने व्यवस्था मिलाउन पनि भनिएको छ। साथै कक्षा ६ देखि ९ सम्मको अन्तिम परीक्षालाई सामाजिक दूरी कायम गर्दै साबुनपानीले हात धुने व्यवस्था, सेनिटाइजर, मास्कको सुनिश्चितता गरी तोकिएको मितिदेखि दिनको २ सिफ्टमा सञ्चालन गर्ने व्यवस्था अर्को सूचना जारी नभएसम्म मिलाउन महानगरका सम्पूर्ण विद्यालयलाई भनिएको छ।

### दुई प्रमुख र पाँच उपप्रमुखको पद संकटमा

रौतहट। रौतहटका दुई नगरप्रमुख र पाँच उपप्रमुखलाई पार्टीले स्पष्टीकरण सोधेपछि पद संकटमा परेको छ। नेकपा माओवादी केन्द्रबाट निर्वाचित नगरप्रमुख, उपप्रमुख तथा गाउँपालिका उपप्रमुखलाई पार्टी हितविपरीत कार्य गरेको भनी २४ घन्टे स्पष्टीकरण सोधिएको छ। रौतहटको मौलापुर नगरपालिकाकी प्रमुख रिनाकुमारी साह र कटहरिया नगरपालिका प्रमुख सियाराम कुशवाहालाई माओवादी केन्द्रले स्पष्टीकरण सोधेको हो। प्रदेश २ मा एक मात्र महिला प्रमुख साह सहरी विकासमन्त्री प्रभु साहकी धर्मपत्नी हुन् भने कुशवाहा पनि निकटका सहयोगी हुन्। यसैगरी पार्टीले यमुनामाई गाउँपालिका उपप्रमुख गीतादेवी साह, माधवनारायण नगरपालिका उपप्रमुख सिमल साह, फतुवाविजयपुर नगरपालिका उपप्रमुख कान्तिदेवी साह, मौलापुर नगरपालिका उपप्रमुख गौरीशंकर जयसवाल, देवाहीगोनाही नगरपालिका उपप्रमुख परनिया देवीलाई स्पष्टीकरण सोधेको छ। सबैजना नेकपा माओवादी केन्द्रबाट निर्वाचित जनप्रतिनिधि हुन्।

### ६ स्थानीय तहमा मात्र कोरोना अस्पताल

राजविराज। कोरोना भाइरसको संक्रमणको दोस्रो लहर सुरू भइसक्दा सप्तरीका १८ मध्ये ६ वटा स्थानीय तहले मात्रै कोरोना अस्पताल सञ्चालनमा ल्याएका छन्। अस्पताल सञ्चालनका लागि ६ महिनाअघि नै प्रत्येक पालिकालाई १० लाख रूपैयाँ अनुदान उपलब्ध गराइएको थियो। तैपनि ६ वटा पालिकाले मात्रै अस्पताल सञ्चालनमा ल्याएका छन्। जिल्ला जनस्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवका अनुसार अहिलेसम्म कञ्चनरूप, शम्भुनाथ, सुरूंगा, डाक्नेश्वरी, सप्तकोसी नगरपालिका, तथा तिरहुत र अग्निसाइकृष्णसवरन गाउँपालिकाले मात्रै कारोना अस्पताल सञ्चालनमा ल्याएका छन्। गजेन्द्रसिंह अञ्चल अस्पताल राजविराजका मेडिकल सुपरिटेन्डेन्ट डा. रञ्जित झाले आर्थिक अभावका कारण कोरोना परीक्षणका लागि नियुक्त गरिएका १२ जना स्वास्थ्यकर्मीलाई हटाइएको जानकारी दिए। अहिले दुईजना स्वयंसेवीले सेवा दिइरहेका छन्। गजेन्द्रसिंह अञ्चल अस्पताल राजविराजमा कोरोना परीक्षणका लागि नियुक्त गरिएका १२ जना कर्मचारीका लागि तलब उपलब्ध गराइदिन प्रदेश २ को सामाजिक विकास मन्त्रालय र मुख्यमन्त्रीको कार्यालयमा पत्राचार गरिएको छ।

### तीन सय परिवारलाई लालपुर्जा

महोत्तरी। बर्दिवास नगरपालिका-७ का करिब तीन सय घरपरिवारले जग्गाको लालपुर्जा पाएका छन्। पुस्तौंदेखि जग्गामा बस्दै आए पनि उनीहरूले धनीपुर्जा पाएका हन। यसअघि ती जग्गा गाउँ ब्लकको नाममा रहेको थियो/। पाँच वर्षअघि नै नापनक्सा भइसकेर प्रमाणित सरकारी कागजात जग्गाधनीले पाएका हुन। साविकमा किसान नगर र पशुपति नगर दुई छुट्टाछुट्टै गाउँ रहेकोमा देश संघीयतामा गएपछि वडा नम्बर ६, ७ र ९ लाई एउटै वडा बनाइएको थियो। प्रदेश २ का भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री शैलेन्द्रकुमार साहले यो क्षण लालपुर्जा पाउनेहरूका लागि अति मूल्यवान भएको बताए/। उनले आफ्नै जग्गा भएर पनि जग्गाको प्रमाणित कागजात नहुँदा स्थानीयले पुस्तौंदेखि कागजात अभावमै भोग्नुपरेको विभिन्न समस्याको समाधान भएको उल्लेख गरे। मन्त्री साहले गाउँ ब्लकको जग्गा वडावासीहरूले पाएको र अधिकांश वडावासी कृषि पेसामै भएकोमा मन्त्रालयबाट कृषिसम्बन्धी सम्पूर्ण सेवासुविधा लिनसमेत आग्रह गरे।

# ‘प्रदेशको स्थायी राजधानी सर्लाही उपयुक्त’

काठमाडौं । प्रदेश २ को स्थायी राजधानी बारे निर्णय गर्न राजनीतिक दल असफल भएका बेला सर्लाहीमा स्थायी राजधानी तोकिनुपर्ने भन्दै आवाज उठेको छ ।

स्थायी राजधानी सर्लाही संघर्ष समितिका संयोजक चन्द्रभुषण साहले प्रदेश २ को भौगोलिक, आर्थिक, सामाजिक एवं राजनीतिक क्षेत्रको दुरगामी प्रभाव तथा महत्वलाई आत्मसात गर्ने गर्दै प्रदेशको स्थायी राजधानी सर्लाहीको बिकल्प नभएको बताए ।



प्रदेश २ को स्थायी राजधानी सर्लाहीमा कायम गराउनका लागि विगत लामो समयदेखि हामी ध्यानाकर्षण, प्रेस विज्ञप्ति, धार्ना, सर्वदलीय एवं सर्वपक्षीय अन्तरक्रिया, संकल्प र्‍याली तथा संकल्प दीप प्रज्वलन लगायतका विविध रचनात्मक एवं शान्तिपूर्ण कार्यक्रमहरू गर्दै आएको उनले बताए ।

‘आम नेपाली जनताको लामो संघर्ष, त्याग र बलिदानबाट मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा प्रवेश गरेसंगै यसको ठोस एवं संस्थागत ढंगबाट अभ्यास गर्ने महत्वपूर्ण कडीको रूपमा रहेको प्रदेशहरूको स्थायी राजधानी तोक्ने सवालमा देशका ७ मध्य ६ प्रदेशले आ-आफ्नो स्थायी राजधानी तोकिसक्दा समेत प्रदेश २ सरकार आफ्नो स्थायी राजधानी र नाम समेत तोक्न हालसम्म असमर्थ रहनु पछौटेपनको आफैंमा एउटा भद्दा नमुना एवं हामी सारा प्रदेशवासीहरूको साझा अपमानको विषय हो’ साहले भने ।

प्रदेश नं. २ को पूर्वी जिल्ला सिरहा-सप्तरी र पश्चिमी जिल्ला बारा-पर्साको बिच/मध्य भूगोलमा अवस्थित सर्लाही एउटा पुरानो विरासत बोकेको स्थान रहेको दावी उनको छ । सर्लाही प्रदेशको अन्य स्थानको तुलनामा धार्मिक, भाषिक एवं सांस्कृतिक विविधताले समेत भरिपुर्ण रहेको बताउँदै उनले यहाँ मधेशी, मुस्लिम, थारू, खस-बाहुन, क्षेत्री, दलित, मगर, भोटे, तामाङ्ग लगायतका आदिवासी जनजातिहरूको समेत उल्लेख्य बाहुल्यता रहेको छ ।

समग्रमा हेर्दा सर्लाहीलाई एउटा मिनी ( सानो) नेपालको रूपमा लिन सकिने बताउँदै साहले सामाजिक सद्भाव र शक्ति सन्तुलनको हिसाबले समेत यो स्थान स्थायी राजधानीको लागी उपयुक्त रहेको दावी गर्छन् ।

‘प्रदेश नं. २ को पश्चिम भूगोलमा रहेको विरगंजलाई व्यापारिक तथा औद्योगिक केन्द्र, पूर्वी भूगोलमा रहेको जनकपुरलाई धार्मिक तथा पर्यटन केन्द्र र सर्लाहीलाई प्रदेश प्रशासनिक केन्द्रको रूपमा अगाडि बढाउन सके मात्र प्रदेशवासीहरूको साझा जनभावनाको सही अर्थमा कदर हुनेछ’ साहले भने ।

प्रदेश २ को प्रख्यात नगरी लालबन्दी-नवलपुर, हरिवन, बरहथवा, मलंगवा, तथा महोत्तरीको गौशाला र बर्दिबासको समीपमा रहेको ईश्वरपुर-बयलबाँस बृहत्तर नगरीमा प्रदेशको स्थायी राजधानी भएको खण्डमा सागरनाथ, राजारानी थुम्को, कैलाशपुरी महादेव, मन्दिर ,मुर्तिया, ,सतिविहुला-जयाविषहर, नाढी ताल, टुटेश्वरनाथ लगायतका स्थानहरूलाई जोडेर मिनी पर्यटन सर्किट बनाउन सकिने बिकल्प प्रस्तुत गर्दै उनले प्रदेश नंबर २ मा थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटनको प्रचुर सम्भावना बढेर जाने बताए ।

प्रदेश नं. २ को बीच (मध्य) भू-भागमा अवस्थित, पुर्व-पश्चीम राजमार्गसंग जोडिएको, नव निर्माणको लागि मितव्ययी, पुरानो संरचनाको क्षति गर्नुनपर्ने, उपयुक्त समतल सरकारी जग्गाको पर्याप्त उपलब्धता, नेपाल सरकारको शहरी विकास मन्त्रालयबाट नयाँ शहर निर्माण भैरहेको, भाषिक, धार्मिक तथा सांस्कृतिक पहिचानले भरिपुर्ण, निजी जग्गा अधिग्रहण गर्नुपर्ने बाध्यता नरहेको, प्राकृतिक - वातावरण अनुकूल भएको, सामाजिक सद्भाव र शक्ति सन्तुलनले समेत उपयुक्त, रास्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटनको प्रचुर सम्भावना, समानुपातिक एवं सन्तुलित विकास कार्यमा सहयोग, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको एयरपोर्ट निर्माणको प्रवल सम्भावना रहेको, सर्लाहीको प्रख्यात नगरी लालबन्दी, नवलपुर-हरिवन, बरहथवा, मलंगवा, हरिपुर्वा र महोतरीको गौशाला, र बर्दिबासको केन्द्र बिन्दुमा अवस्थीत रहेको, विना कसैको हार सबैको जीतै - जीतकैं अवस्थामा स्थायी राजधानी विवाद अन्त्य, .राजधानी निर्माणको नाममा सरकारी ढुकुटी लुट्ने एवम् भ्रस्टाचारको सम्भावना अति न्यून हुने लगायतका कारणले सर्लाही प्रदेश राजधानीका लागि उपयुक्त रहेको दावी साहको रहेको छ ।

## स्वास्थ्य चौकी शिलान्यास

महोत्तरी । महोत्तरी जिल्लाको मटिहानी न.पा. वडा नं. ४ मझौरा विसनपुरमा स्वास्थ्य चौकीको भवन निर्माण कार्य हुने भएको छ । मटिहानी न.पा.को २५ लाख ८५ हजारको लागतमा सो स्वास्थ्य चौकी निर्माण हुने कुरा जनाईको छ । यसैबीच निर्माण हुने सो स्वानस्थ्य चोकी भवनको एक समारोहबीच मटिहानी न.पा. प्रमुख हरि मण्डल र स्वास्थ्य चौकी निर्माणका लागि जग्गा प्रदान गर्ने दाता हर्षित मिश्र शर्माले संयुक्त रूपमा शिलान्यास गरेका छन् । स्वास्थ्य चौकी निर्माणका लागि स्थानीय हर्षित मिश्र शर्माले १० धुर जग्गा प्रदान गरेका छन् । शिलान्यास कार्यक्रममा मटिहानी न.पा. उपप्रमुख शिवो देवी तथा वडा नं. ४ का वडाध्याक्ष मइनुदिन राइन, वडा नं. ५ का वडा अध्यक्ष रामबहादुर महतो, वडा नं. ३ का वडा अध्यक्ष लेयाकत कवारी लगायतका स्थानीयहरूको उपस्थिति रहेका थिए ।

## नेभ्ला कपिलवस्तुमा यादव

कपिलवस्तु । नेपाल पाराभेटेरिनरी एण्ड लाइभस्टक एसोसियसन (नेभ्ला) कपिलवस्तुको दशौं जिल्ला अधिवेशनबाट परमेश्वर यादव अध्यक्ष पदमा निर्वाचित भएका छन् । गोरूसिंगेमा सम्पन्न अधिवेशनमा यादवले ५० मत प्राप्त गरी निर्वाचित भएका थिए । उनका निकटम् प्रतिस्पर्धी युवराज पौडेलले जम्मा २० मत प्राप्त गरेका थिए ।

त्यस्तैगरी उपाध्यक्षमा सुदिप भुषाल, सचिवमा जितबहादुर बि.सी., सहसचिवमा सन्जु चौधरी, कोषाध्यक्षमा हेमराज गिरी निर्िाचित भएका छन् ।

त्यस्तै, सदस्यहरूमा धनमाया आचार्य, कमला पौडेल, रोहित यादव, पुनाराम अर्याल, केशवराज खनाल, विनोद खनाल, निर्वाचित भएका छन् ।

केन्द्रीय प्रतिनिधिमा खिमबहादुर टण्डन, झविन्द्र प्रसाद बेल्वासे, अन्जु आचार्य, नन्दराम अर्याल, अनिलकुमार प्रजापति निर्वाचित भएको निर्वाचन समितिका संयोजक मणि प्रसाद गैह्रेले जानकारी दिए ।

जिल्ला अध्यक्ष खिमबहादुर टण्डनको अध्यक्षता र झविन्द्र बेल्वासेको संचालनमा भएको कार्यकममा केन्द्रीय अध्यक्ष राम प्रसाद मेहताले दुध, अण्डा, माछा र मासुमा आत्मनिर्भर बनाउने काममा पाराभेटेरिनरीको योगदान रहेको चर्चा गरे ।

साथै मेहताले अझै पशुजन्य उत्पादनको विकास र विस्तार गर्न पाराभेटेरिनरीको माग सम्बोधन गर्न राज्यसँग मागसमेत गरेका छन् ।

सो अवसरमा, पुर्व केन्द्रीय अध्यक्ष लोकराज भुषाल, केन्द्रीय सदस्य नारायण भट्टराई लगायतले शुभकामना मन्तव्य दिएका थिए ।

## प्रधानमन्त्री रोजगार कार्यक्रम शुरू



महोत्तरी । महोत्तरी जिल्लाको मटिहानी नगरपालिकाले आइतबारदेखि प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गतको बिसनपुरदेखि गवरौरा जोड्ने सडकको मर्मत सम्भार कार्य शुरू गरेको छ । सो कार्यमा आ.व. २०७७/०७८ मा रोजगार व्यवस्थापन सूचना प्रणालीमा सुचीकृत रहेका बेरोजगारहरूमध्ये प्राथमिकताक्रमको आधारमा संक्षिप्त सुचीमा परेका १० जना बेरोजगार व्यक्तिहरूलाई खटाई सो कार्यक्रमको शुभारम्भ गरिएको कुरा रोजगार संयोजक रमेश प्रसाद कोइरालाले जानकारी गराए । साथै वडा नं. ८ र ९ मा पनि सो कार्य शुरू हुने क्रममा रहेको तथा बाँकी वडाहरूको योजनाहरू क्रमशः संचालन हुने बताए । मटिहानी न.पा.५ अन्तर्गतको सो सडक वर्षायामदेखि जीर्ण भई आवतजावत गर्न समेत कठनाई उत्पन्न भएको थियो । यसैबीच सो कार्य मटिहानी न.पा. प्रमुख हरि मण्डलले शुभारम्भ गरेका थिए ।


- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको ‘रेकर्ड’ राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २, धनुषा, नेपाल

सम्पर्क नं. : ०१५२२३५०

इमेल : malcprovince2@gmail.com


## संक्षिप्त समाचार

### नि:शुल्क अक्सिजन सेवा

वीरगञ्ज । वीरगञ्जमा ग्रिन सिटी सामुदायिक सेवा केन्द्र आदर्शनगरले निःशुल्क अक्सिजन सेवा सुरू गरेको छ । अत्यावश्यक अवस्थामा सर्वसाधरणलाई अक्सिजनको अभावमा नहोस् भनेर निःशुल्क अक्सिजन सेवा सुरू गरिएको सामुदायिक सेवा केन्द्रले जनाएको छ । सेवाको बिहीबार पर्साका प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले उद्घाटन गरे । तत्कालका लागि सानो सिलिण्डर १४ र ठूलो ५ वटा राखिएको छ । आवश्यकता अनुसार थप गर्दै लैजाने तयारी केन्द्रले गरेको छ । बढ्दो कोभिड संक्रमणसँगै वीरगञ्जमा होम आइसोलसनमा बस्ने संक्रमितको संख्या बढ्दो छ । होम आइसोलेसनमा बस्ने संक्रमितले अक्सिजन नपाएर छटपटिने अवस्था आउन सक्ने स्थिति रहेको भन्दै चिकित्सकहरूले चेतावनी दिइरहेका छन् । सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानले अत्यन्त जरूरी अवस्थामा अक्सिजनको अभावमा कसैको ज्यान नजाओस् भनेर सेवा सुरू गरिएको बताए ।

### विद्युत् बिक्रीका लागि भारतसँग प्रस्ताव

काठमाडौं । नेपाल विद्युत प्राधिकरणले नेपालमा खपत गरेर बढी भएको विद्युत् बिक्रीको स्वीकृतिका लागि भारतमा प्रस्ताव पठाएको छ/ । प्राधिकरणले पहिलो चरणमा ४ सय ५६ मेगावाटको माथिल्लो तामाकोसी र ४५ मेगावाटको भोटेकोसी आयोजनाको विद्युत् वर्षाको समयमा बिक्रीका लागि भारतसमक्ष प्रस्ताव पठाएको हो । प्राधिकरणले भारतीय ऊर्जा बजारबाट विद्युत् खरिद गर्न स्वीकृति पाएसँगै तत्काल करिब ३० मेगावाट खरिदको प्रक्रिया अगाडि बढाएको छ/ ।

### लागूऔषधसहित पक्राउ

मोरङ्ग । जिल्लाको रतुवामाई नगरपालिका २ डोरीया सीमा ईलाकाबाट एपीएफ टोलीले २ सय ५५ वटा नाईट्रोभेट ट्याब्लेटसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सोही जिल्लाको उर्लावारी नगरपालिका २ बस्ने ३६ वर्षिय रमेश कार्की छन् । भे ६ प २७६० नम्बरको मोटरसाईकलमा सवार निज कार्कीलाई सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट डोरियाबाट खटिएको एपीएफ टोलीले शंका लागि जाँच गर्दा उनको साथमा उक्त लागूऔषध फेला परेपछि पक्राउ गरिएको हो । त्यसवेला एपीएफ टोलीले उक्त मोटरसाईकल समेत बरामद गरेको छ । पक्राउ परेका कार्कीलाई बरामद लागूऔषध तथा मोटरसाईकलसहित आवश्यक कारवाहीको लागि ईलाका प्रहरी कार्यालय सिजुवामा बुझाईएको छ ।

### चोरीपैठारीको लत्ताकपडा बरामद

रूपन्देही । सशस्त्र प्रहरी बल नेपाल नम्बर २७ गण रूपन्देहीबाट खटिएको एपीएफ टोलीले करीव ६ लाख १० हजार रूपैयाँ बराबरको चोरीपैठारीको लत्ताकपडा बरामद गरेको छ । भारतबाट अवैध रूपले नेपालतर्फ ल्याउँदै गरेको उक्त लत्ताकपडा एपीएफ टोलीले रूपन्देही जिल्लाको रोहिणी गाउँपालिका १ श्रीरामपुर स्थित सीमा ईलाकाबाट बरामद गरेको हो । बरामद लत्ताकपडा भन्सार कार्यालय बेलहियामा बुझाइएको जनाएको छ ।

### मधुवन गोटलाई पर्यटकीयस्थल बनाउन जोड

सर्लाही । मधेशी आयोगका अध्यक्ष डा.विजयकुमार दत्तले सर्लाही जिल्लाको विष्णु गाउँपालिकामा अवस्थित ऐतिहासिक ठाउँ मधुवन गोटको स्थलगत निरीक्षण गरेका छन् । निरीक्षणका क्रममा अध्यक्ष दत्तले यस ठाउँलाई पर्यटकीयस्थलको रूपमा स्थापित गरिनु पर्नेमा जोड दिए । त्यस अवसरमा उनले गाउँपालिकाका अध्यक्ष, नेपाली सेना नवलपुरका प्रमुख सरोज राणा, स्थानीय जनप्रतिनिधि तथा नागरिक समाजका अगुवाहरूसँग पनि छलफल गरे । अध्यक्ष दत्तले यस ठाउँलाई पर्यटकीयस्थलको रूपमा स्थापित गर्न आयोगले हरसम्भव सहयोग गर्ने समेत प्रतिबद्धता व्यक्त गरे ।

### आगलागीबाट साढे १३ लाखको क्षति

कपिलवस्तु । बिजयनगर गाउँपालिका-१ जौवाबराठ बस्ने मधु रोका मगर, कुमार थापा र लक्ष्मण थापाको घरमा आगलागी हुँदा लाखौंको धनमाल जलेर नष्ट भएको छ । आइतबार दिउँसो आगलागी हुँदा तीनै जनाको अन्नपात, लत्ताकपडा, भाँडावर्तन र काठपात पूर्णरूपले जलेर करिब १३ लाख ५० हजार रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ । स्थानीयवासीको सहयोगमा प्रहरीले दुवै ठाउँको आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

### लागूऔषधसहित युवक पक्राउ

रूपन्देही । सिद्धार्थनगर नगरपालिका-४ दोगराबाट नियन्त्रित लागूऔषधसहित एक युवक पक्राउ परेका छन् । नाइट्राभेट १ सय ४४ ट्याब्लेट र करिब २ सय ३० ग्राम अवैध लागूऔषध गाँजा सहित सोही ठाउँ बस्ने २९ वर्षीय सुनिल यादवलाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । अस्थायी प्रहरी पोष्ट गल्लामण्डीबाट खटिएको प्रहरीले उनलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

### लागूऔषधसहित पाँच जना पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-१२ कोरियनपुरबाट करिब ८ ग्राम १ सय मिलिग्राम अवैध लागूऔषधसहित पाँच जना पक्राउ परेका छन् । ब्राउनसुगर जस्तो देखिने धुलो पदार्थ सहित बैजनाथ गाउँपालिका-४ बस्ने २१ वर्षीया निशा वली सहित ५ जनालाई शुक्रबार राति प्रहरीले पक्राउ गरेको छ । उक्त स्थानमा झै-झगडा भइरहेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उनीहरूलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

### सवारी दुर्घटनामा बाँकेमा पाँच जनाको मृत्यु

बाँके । कोहलपुर नगरपालिका-१३ स्थित सडकमा मे.१ ख ३३४७ नम्बरको बस र अनटेष्ट लेखिएको टिपर शुक्रबार साँझ एकआपसमा ठोक्किएर दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको छ । बसमा सवार ३ जना, टिपरका चालक र सहचालक सहित ५ जनाको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूको मेडिकल कलेज कोहलपुरमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा परी घाइते भएका अन्य १९ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ ।

### प्रतिबन्धित भारतीय रूपैयाँसहित मियाँ पक्राउ

मोरङ । विराटनगर महानगरपालिका-१७ मटेरूवाबाट प्रतिबन्धित ५ सय दरका २ सय ६ थान गरी कूल १ लाख ६ हजार भारतीय रूपैयाँसहित एक जना पक्राउ परेका छन् । सुनसरी धरान उपमहानगरपालिका-८ बस्ने ५५ वर्षीय नौसाद मियालाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । अस्थायी प्रहरी चौकी मटेरूवाबाट खटिएको प्रहरीले जाँच गर्नेक्रममा उनलाई उक्त रकम सहित फेला पारी पक्राउ गरेको हो ।

### मोटरसाइकल दुर्घटनामा युवकको मृत्यु

मोरङ । धनपालथान गाउँपालिका-४ स्थित सडकमा को.२७ प ६४५९ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई दुर्घटना हुँदा एक युवकको मृत्यु भएको छ । आइतबार बिहान दुर्घटना हुँदा मोटरसाइकल चालक रंगेली नगरपालिका-२ बस्ने २३ वर्षीय भोला शर्माको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाईते भएका उनको कोशी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार सोही नगरपालिका-३ बस्ने २२ वर्षीय कासमिक मुर्मुको सोही अस्पतालमा उपचार भईरहेको छ ।

### बाणगंगा खोलामा डुबेर बालकको मृत्यु

कपिलवस्तु । बाणगंगा खोलामा डुबेर एक बालकको मृत्यु भएको छ । बुद्धभूमि नगरपालिका-१० मलवा बस्ने महेन्द्र कुर्मीको ९ वर्षीय छोरा आदर्श कुर्मीको घरबाट १ किमी टाढा बाणगंगा खोलामा पौडी खेल्नेक्रममा डुबेर शनिबार मृत्यु भएको छ । शनिबार बिहान घरबाट निस्कीएका उनी साथीहरूसँग उक्त खोलामा पौडी खेल्न गएकोमा साँझसम्म पनि घर नफर्कीएपछि खोजी गर्नेक्रममा डुबीरहेको अवस्थामा उनको शव फेला परेको हो ।

### चट्याङ लागेर एकको मृत्यु

रौतहट । गुजरा नगरपालिका-७ पल्टुवा बस्ने ४० वर्षीय लक्ष्मण महराको सोही नगरपालिका-८ जैयराजपुरमा बिहीबार बिहान चट्याङ लागेर घटनास्थलमै मृत्यु भएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# तराई–मधेश द्रुतमार्गको निर्माण द्रुतगतिमा




बारा। काठमाडौँ-तराई/मधेश द्रुतमार्ग (फास्ट-ट्र्याक)को निर्माण कार्य निर्धारित समयमा सम्पन्न गर्ने गरी नेपाली सेनाले आवश्यक निर्माण प्रक्रिया अगाडि बढाएको छ।

'फास्ट-ट्र्याक' परियोजना निर्माणमा बोलपत्र छनोट प्रक्रियाका सम्बन्धमा प्रश्न उठ्नुका साथै सार्वजनिक लेखा समितिबाट काम रोक्न सरकारलाई निर्देशन भएको छ। सो निर्देशनपछि केही अल्मलिएको सेनाले काममा गति लिएको छ।

त्यस्तै सङ्घीय संसद्, प्रतिनिधि सभाअन्तर्गत अर्थ समिति र विकास तथा प्रविधि समितिका सदस्य सांसदहरूले 'फास्ट-ट्र्याक'को स्थलगत अवलोकन गरी निर्माण कार्यमा ढिलासुस्ती नगर्न सुझाव दिएका छन्। आर्थिक वर्ष २०७४/७५ बाट सुरू भएको फास्ट-ट्र्याकको निर्माण कार्य आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य राखिएको छ। सेनाको कामबाट सन्तुष्ट सांसदले निर्माण कार्य नरोक्न र प्रक्रिया अविलम्ब थाल्न सुझाएसँगै निर्माणको थप प्रक्रिया अगाडि बढाइएको हो।

तराई-मधेशलाई काठमाडौँ तथा पहाडलाई तराईसँग जोड्ने छोटो (७२.५ किलोमिटर) दूरीको राजमार्ग फास्ट-ट्र्याकबाट एक घण्टामा काठमाडौँ-तराई आवतजावत गर्न सकिने छ।

यो आयोजना निर्माण कार्य सम्पन्न गर्न करिब एक खर्ब ७५ अर्ब १९ करोड रूपियाँ बजेट छुट्याइएको छ। सेनाले ललितपुरको खोकनादेखि बाराको निजगढसम्म ४४ किलोमिटर सडक फराकिलो पार्ने काम सम्पन्न गरिसकेको छ। तीनवटा सुरूङमार्गको लम्बाइ ६.४ किलोमिटर र ८७ वटा पुलको लम्बाइ १०.५ किलोमिटर छ। पुल र सुरूङमार्ग निर्माण सहजीकरणका लागि सडक पूर्वाधार र संरचना सेनाले निर्माण गरिसकेको छ। फास्ट-ट्र्याकलाई ११ प्याकेजमा विभाजन गरी बोलपत्र प्रक्रिया सुरू गरेको छ।

# वाणगंगा नगरपालिकामा "सौर्य मेघा परियोजना"



मणि प्रसाद गैह्रे, कपिलवस्तु। राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको ११ अर्ब २५ करोडको सौर्य मेघा परियोजना वाणगगा नगरपालिको वडा नम्बर ७ मा बन्ने भएपछि सिंगो बाणगंगाको मुहार फेरिने निश्चित भएको हो। चीन सरकारको प्यारामेन्ट, कम्पनी राइजेन इनर्जी लिमिटेडले बनाउन लागेको सो परियोजनामा बिहीबार नगरपालिकाको कार्यालयमा दुई पक्षीय रूपमा सम्झौतापत्रमा हस्ताक्षर भएको छ।

हस्ताक्षर गर्न चीन सरकारबाट निर्माण कम्पनीका प्रोजेक्ट म्यानेजर मिस्टर वाङ, म्यानेजिङ डाइरेक्टर मिस्टर जोउ र नेपालका प्रतिनिधि राइजोन प्रतिनिधि छविलाल सिटौला र नगरपालिकाको तर्फबाट मेयर मंगलथारूले हस्ताक्षर गरेका छन्। सौर्य मेघा परियोजनाबाट १ सय २५ मेगावट सौर्य विद्यूत उत्पादन हुने छ। २० मेगावाट स्टोरजेव क्षमताले वाणगंगा नगरपालिका जुनसुकै स्थितिमा पनि लोडसेडिङ नहुने बताइएको छ। यो योजना बढीमा ३ बर्षभित्रबनाएर सकिने छ। नेपाल सरकारले पनिकामगर्न निर्माणमा कम्पनीलाई अनुमतिदिइसकेकोले नगरसंगको सम्झ्यौतापछि तुरून्तकाम सुरू हुने कम्पनीकाप्रोजेक्ट म्यानेजर मिस्टर वाङले बताए।

सो परियोजना वडा नम्बर ७ को खारखानीपार्क र पिक्नीक स्पोट नजिकबन्ने भएपछि वडाबासी धेरै खुसीभएको वडाध्यक्ष विष्णु गिरीले बताए। नगर प्रमुखमंगल प्रसादथारूले यो नगरकोलागि सबैभन्दा ठुलो उपलब्धिभएको दावी गरे। २०७७असार ५ गते बसेको लगानीबोर्डको ४४ औं बैठकले कम्पनीलाई सम्भाव्यताअध्ययनको अनुमतिदिने निर्णय गरेको थियो।

# भारतबाट १० लाख डोज खोप आउँदै

काठमाडौं। भारतको सेरम इन्स्टिच्युटबाट खरिद गरेको कोभिड-१९ विरूद्धको १० लाख डोज कोभिसिल्ड खोप वैशाख दोस्रो सातासम्म नेपालमा उपलब्ध गराइदिने आश्वासन भारत सरकारले दिएको छ। परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली र भारतीय समकक्षी डा. एस. जयशंकरबीच हालै भएको टेलिफोन वार्तापछि नेपालले छिट्टै खोप पाउने सम्भावना बढेको छ।

दुई मन्त्रीको टेलिफोन वार्तापछि खोप छिटो आपूर्तिका लागि अनुकूल अवस्था बनेको दिल्लीस्थित नेपाली राजदूतावासका उपनियोग प्रमुख रामप्रसाद सुवेदीले बताए. परराष्ट्र मन्त्रालयका अनुसार वैशाख १५ भित्र खोप नेपाल आइपुग्ने आश्वासन नेपालले पाएको छ।

नेपालले भारतको सेरम इन्स्टिच्युटसँग १० लाख डोज खोप खरिद गर्ने सहमति गरेको थियो। सेरम भारतीय सरकारी कम्पनी नभएका कारण दुई सरकारबीच जिटुजी खरिद सम्झौता भएन। नेपाल सरकारले सेरम इन्स्टिच्युटलाई २० लाख डोज खोपका लागि सुरूमै ८० प्रतिशत अग्रिम भुक्तानी गरिसकेको छ। नेपालले १० लाख डोज खोप ल्याइसकेको छ भने १० लाख डोज बाँकी छ। बाँकी खोप समयमा नआउँदा नेपालमा दोस्रो चरणको खोप अभियान प्रभावित हुने अवस्था आएको छ।

ज्ञवालीले भारतबाट खरिद भएको खोप नआए दोस्रो चरणको खोप कार्यक्रम नै प्रभावित हुने र नेपाललाई अत्यन्त अप्ठ्यारो पर्ने भन्दै सहजीकरणका लागि आग्रह गरेका थिए। भारतीय विदेशमन्त्री जयशंकरले नेपाललाई खोप उपलब्ध गराइदिने आश्वासन दिएका थिए। स्रोतका अनुसार नेपाल र भारतका परराष्ट्र मन्त्रालयका अधिकारीबीच चरणबद्ध रूपमा यसबारे छलफल हुँदै आएको थियो।

भारतले नेपाललाई अनुदानमा १० लाख डोज खोप उपलब्ध गराएको छ भने नेपालले २० लाख डोज खोप खरिद गरेको छ। खरिद गरेकोमध्ये 'सेरम इन्स्टिच्युट इन्डिया'बाट १० लाख डोज खोप ल्याउन बाँकी छ। विगतमा भारत सरकारले सहजीकरण गरेपछि सेरम इन्स्टिच्युटले सहुलियत दरमा नेपाललाई खोप उपलब्ध गराएको थियो।

भारतले नेपाललाई ८ माघमा अनुदानका रूपमा १० लाख डोज कोभिसिल्ड खोप हस्तान्तरण गरेको थियो। उक्त खोप कोभिड महामारीका वेला अग्रमोर्चामा खटिएकालाई लगाइएको थियो। उनीहरूलाई पहिलो चरणको खोप लगाएको पनि दुई महिना भएको छ। त्यसपछि नेपाल सरकारले खरिद गरेर १० लाख डोज खोप ल्याएको थियो। भारतीय सेनाका तर्फबाट नेपाली सेनालाई एक लाख डोज खोप पनि हस्तान्तरण भइसकेको छ। भारतबाट नेपालले अहिलेसम्म जम्मा ११ लाख डोज खोप अनुदानमा पाएको छ। नेपालले १० लाख डोज खरिद गरिसकेको छ भने थप १० लाख डोज खोपको प्रतीक्षामा नेपाल छ।

# एकतर्फी नाकाबन्दीले चिनियाँ पक्षबाट नेपाली व्यापारी पीडित

काठमाडौं। छिमेकी मुलुक चीनसँग सोझो व्यापार गरिरहेका नेपाली व्यापारीहरू विभिन्न वहानामा चिनियाँ पक्षबाट ठगिने, हेपिने र सास्ती व्यहोरि रहनु पर्ने क्रमको अझै अन्त्य हुन नसकेको व्यापारीहरूले गुनासो गरेका छन्। नेपाल-चीनबीचको दुईवटा प्रमुख व्यापारिक नाका रसुवागढी र तातोपानीमा चिनियाँ पक्षले आपूर्तिमा कडाइ गर्नेमात्र नभइ सामाग्री आयातामा गरिरहेको अवरोधले नेपाली व्यापारीहरू हैरान भएका छन्। कोरोना भाइरस संक्रमण साथै दुई देशबीचको व्यापारिक नीतिलाई आधार मान्दै चिनियाँ पक्षले नेपाली व्यवसायीहरूमाथि 'अघोषित र एकोहोरो नाकाबन्दी' गरिरहेको नेपाली व्यपारीहरूको भनाइ छ।

तयारी र कच्चा सामाग्रीमा ठग्ने मात्र होइन चिनियाँ पक्षले नेपाली ब्यवसायीहरूलाई सीमा नाकामा पनि दुःख दिने गरेको गुनासो पटक पटक आइरहेको छ। २०७२ सालको विनाशकारी महाभूकम्प र २०७६ पुस महिनादेखि बढेको कोरोना भाइरसको महामारीको संक्रमणलाई बहाना बनाएर नेपाल-चीन सामान आयात निर्यातमा चिनियाँ पक्षले अवरोध खडा गर्दै आइरहेको व्यापारीहरू बताउने गर्छन। त्यतिमात्र होइन नेपालमा चीन विरोधी गतिविधि बढेको बहानामा पनि व्यापारीहरू नै निशानामा परिरहेका छन्। स्वास्थ्य सुरक्षा मापदण्ड परिक्षण गर्ने र विभिन्न कानुनी प्रक्रिया पुरा गरेर मात्र सामान पठाउने भन्दै चिनियाँ सरकारले नेपाली सामानहरूमा अवरोध गरेको बताइन्छ।

अहिले तातोपानी तथा रसुवागढी नाकाबाट मुस्किलले दैनिक १२ वटा कन्टेनर मात्रै नेपाली नाकाम भित्रिने गरेको छ। चिनियाँ व्यापारीले पठाएका तथा दैनिक उपभोग्य सामानलाई छिटो जाँचपास गरिदिने र अरू सामानलाई आउन नदिने गरेको अर्को गुनासो व्यापारीहरूको छ।

यता, चिनियाँ एजेन्टहरूले ढुवानी भाडा समेत बढाएकाले समस्या निम्तिएको छ। चिनियाँ नाकाबाट सामान ल्याउन समस्या भएपछि भारतको कोलकोत्ता बन्दरगाहा हुँदै झन्झटिलो माध्यमबाट ब्यापारीहरूले नेपालमा सामान ल्याइरहेका छन्। चिनियाँ नाकामा देखिएको असहज परिस्थितिका बारेमा संघीय र प्रदेश संसदमा आवाज उठेपनि सरकारले त्यसलाई चासो नदिएको व्यापारीहरू बताउँछन्।

# विद्यालय भवन उद्घाटन



महोत्तरी। महोत्तरी जिल्लाको मटिहानी नगरपालिका वडा नं. ८ मा रहेको राम जानकी दलित आधारभूत विद्यालय मटिहानीको नव-निर्मित भवनको एक समारोह वीच प्रतिनिधि सभाका माननीय सांसद श्रीमती चन्दा चौधरी र मटिहानी नगरपालिका प्रमुख श्री हरि प्रसाद मण्डलले संयुक्त रूपमा समुद्घाटन आज गर्नु भयो। नेपाल सरकार र मटिहानी नगरपालिकाको करीव १८ (अठार) लाख आर्थिक सहयोगमा दुई कोठे विद्यालय भवन निर्माण भएको कुरा मटिहानी नगरपालिकाको ईन्जिनियर विमलेश साहले बताउनु भयो। सो अवसरमा बोल्नु हुँदै साँसद चौधरीले आधारभूत आजको आवश्यकता रहेकोले हरेक नागरिक शिक्षित हुनु पर्ने बताउनु भयो। कार्यक्रममा मटिहानी नगरपालिका प्रमुख हरि प्रसाद मण्डलले पालिकाका हरेक नागरिकलाई शिक्षित र साक्षर बनाउनु आफु प्रतिबद्ध रहेको पनि भन्नुभयो। कार्यक्रममा वडा नं. ८ का वडा अध्यक्ष गणेश प्रसाद साह, मटिहानी गा.वि.स. पुर्व अध्यक्ष राम कुमार मण्डल, राजनैतिक कर्मीहरू जुगेश्वर खत्वे, शंकर साह सोनार, जितनारायण माझी, रामबाबु नायक , महोत्तरी उद्योग वाणिज्य संघ मटिहानीका अध्यक्ष मोहन प्रसाद गुप्ता र विद्यालयका प्र.अ. लक्ष्मण मण्डल खत्वे लगायतले पनि विद्यालयको विकास वारे चर्चा गर्नु भयो।

**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।**

**यसबाट बच्ने उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने।

**लालकिशोर साह**

**नगरप्रमुख**

**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**

**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।**

**यसबाट बच्ने उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने।

**हरिप्रसाद मण्डल**

**नगरप्रमुख**

**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## विश्व परिवेश

# भारतले पाकिस्तानमाथि कसरी विश्वास गर्ने ?

पाकिस्तानको स्वतः स्फूर्त रूपमा आएको शान्ति प्रस्ताव विशेष गरी फेब्रूअरी २०१९ मा आईएएफ द्वारा बालाकोटमा जैश-ए-मोहम्मद आतंकवादी प्रशिक्षण केन्द्रमा भएको आक्रमण पछि आउनु एकदम चकित पूर्ण छ ।

पाकिस्तानको सेना प्रमुख जनरल कमर जावेद बाजवाले भारतसँगको सम्बन्धलाई सामान्य बनाउँदै गरेको र "विगतलाई बिर्सदै अगाडि बढ्ने" प्रस्ताव गरेको सुन्दा विश्वव्यापी समुदायले राहतको श्वास फेरेको छ। यस भावनालाई पाकिस्तानका प्रधानमन्त्री इमरान खानले पनि समान सम्मान का साथ अनुसरण गरेका छन् ।

पाकिस्तानले एलओसी र आईबीमा एकतरफा युद्धविराम लिएको थियो जुन भारतीय सशस्त्र सेनाले भावना र पत्रमा पालना गर्यो। भारतले उपयुक्त शब्दका साथ प्रतिस्पर्धा गर्‍यो र इमरान खान बोकेका विमानहरूलाई बंगलादेश जान भारतीय एयर स्पेसलाई पार गर्न अनुमति दिइयो।

यद्यपि यस प्रस्तावको स्वतः स्फूर्त रूपमा आउनु विशेष गरी फेब्रूअरी २०१९ मा भारतीय वायुसेनाका लडाकु विमानहरूले बालाकोटमा जैश-ए-मोहम्मद आतंकवादी प्रशिक्षण केन्द्रमा गरेको आक्रमण पछि आउनु एकदम चकित पूर्ण नै छ। जुन पुलवामा आतंकवादी हमलाको प्रतिक्रियामा थियो। जसमा ४० सीआरपीएफ जवानहरू मारिएका थिए र जसको जिम्मा जयश-ए-मोहम्मदद्वारा लिइएको थियो।

पछिल्ला घटनाक्रमबाट हामीले अब सिक्यौं कि संयुक्त अरब एमिरेट्सका राजनीतिक नेतृत्वले दुबै देशहरूको बिचमा मेलमिलाप गराउन भूमिका खेलेको थियो र यसै उद्देश्य को पालना हेतु नयाँ दिल्ली पनि पुगेको थियो। यद्यपि पाकिस्तानको सो प्रस्ताव आउनुको अर्को कारण युएईद्वारा पाकिस्तान सँग १ अर्ब डलर फिर्ता मागे पछि पाकिस्तान सरकारका अधिकारीहरू आतंकपूर्ण मोडमा आउनु पनि हुन सक्छ।

यति ठूलो रकम फिर्ता गर्ने अन्तिम म्याद मार्च १२ थियो जुन पार गरिसकेको छ। के यो युएईको पाकिस्तानको उक्साहटमा आफ्नो पैसा पुनः प्राप्ति गर्ने कार्य योजना हो? युएईले भारतसँग राम्रो सम्बन्ध राख्छ। वा यो वित्तीय कार्य टास्क फोर्स (एफएटिएफ) को दबावका कारण उचालिएको कदम हुन्। युएई खाडी सहयोग परिषद (जीसीसी) का एक शक्तिशाली सदस्य हो र यो संगठन अत्यन्त प्रभावकारी छ।

त्यसकारण यस ठाउँमा हामीले एफएटीएफसँग सम्बन्धित केही समसामयिक घटनाहरू हेर्नुपर्दछ जसले पाकिस्तानलाई धेरै हदसम्म असर गरेको थियो र जसले पाकिस्तानलाई आफ्नो रणनीतिक अडान बदल्न उत्साहित गरेको हुन सक्छ। हामीलाई थाहा छ कि पाकिस्तान एफएटिएफ को ग्रे लिस्ट मा जून २०१८ देखि रहेको छ र फेब्रूअरी २०२० मा सरकारलाई यसै वर्ष को जून सम्ममा २७ कार्यहरू पूरा गर्न अन्तिम चेतावनी दिइएको थियो। एफएटिएफ द्वारा समीक्षा कुनै पनि समय आउन सक्छ।

एफएटीएफले देशलाई तीन पटक आफ्नो ग्रे लिस्ट मा राख्ने निर्णयका कारण पाकिस्तानले कुल ३८ अरब अमेरिकी डलर बराबरको आर्थिक क्षति व्यहोरेको छ। र यो लामो समय सम्म जारी राख्न सक्दैन किनकि यसले यसको अर्थव्यवस्थालाई तहसनहस पार्नेछ। अहिलेसम्म तिनीहरू चीन, टर्की र मलेशियाको सहयोगमा बाँचेका छन्। त्यसैले भारततर्फ शान्ति प्रस्ताव ल्याउनु को मुख्य उद्देश्य र कारण के हुनसक्छ? भारत जो सबैभन्दा बढी पाकिस्तान भित्र र बाहिर चल्ने आतंकवादी समूहको कारबाही बाट पिडित रहेको छ।

मलाई लाग्दछ कि यो भारतले सामना गरिरहेको एक पहेली हो। २६/११ मुम्बई हमलाको अपराधीलाई ल्याउनको लागि लामो समयदेखि उठेको मागलाई पूर्ण रूपमा बेवास्ता गर्ने हो वा, २०१६ मा पठानकोट एयरफोर्स बेसमा हमला गर्ने आतंककारी समूहका मास्टरमाइन्डहरू र उरीमा भारतीय सेनाको शिविरमा गरिएको कायरतापूर्ण हमलालाई बिर्सने। र यो कुरा बिर्सनु हुँदैन कि १९९३ मा मुम्बई स्थानीय ट्रेनहरूमा हमला गर्ने भारतीय अपराधीहरूलाई पाकिस्तानी सेनाको अन्तर-सेवा खुफिया एजेन्सीद्वारा(आइएसआइ) सशस्त्र लडाई प्रशिक्षण उपलब्ध गराइएको थियो जुन बालकोट प्रशिक्षण केन्द्रसँग मिल्दोजुल्दो थियो। यस शंकास्पद संगठन आइएसआइ द्वारा तैयार पारिएका विस्फोटक र हातहतियारबाट भरिपूर्ण थियो र भारतीय सिमामा तस्करीको नराम्रो प्रणालीको माध्यमबाट ती सामग्रीहरू प्राप्त गर्न ट्रेन बमवर्षकलाई मद्दत गर्‍यो। त्यस्ता कार्यक्रमहरू २६/११ मुम्बई हमलाहरूका लागि पनि प्रयोग गरिएको थियो यद्यपि यो दुराचारमा पाकिस्तानी सेनाका विशेष फौजले तालिम दिएका पाकिस्तानी नागरिकहरूले भारतीय नागरिकहरूलाई मुम्बई शहर पुग्न आदेश दिएका थिए। ती अराजक तत्वहरूलाई गोली हानी मारियो। जमात-उद-दावा (जुड) का प्रमुख हाफिज सईदको नेतृत्वमा लश्कर-तैयबा (एलईटी) लाई २००८ को मुम्बई हमलामा छ अमेरिकीहरू लगायत १६६ व्यक्तिको मृत्युका लागि जिम्मेवार ठहराइएको थियो। हाफिज सईदलाई आतंक फाइनान्सिङको लागि १० बर्षको जेल सजाय पाएको थियो तर मुम्बई हमलामा उनको अपराधीपनको लागि भने कुनै सजाय दिइएन। मुम्बई हमला गर्ने योजनाकार र एलईटी अपरेशन कमाण्डर जकी-उर-रहमान लखवीलाई जनवरी २०२१ मा शुक्रबार लाहौरमा एक पाकिस्तानी आतंकवाद विरोधी अदालतले आतंक फाइनान्स प्रकरणमा पन्ध्र बर्षको जेल सजाय सुनायो तर मुबई हमलाको लागि भने कुनै सजाय दिइएन। विडम्बनाको कुरा के छ भने संयुक्त राष्ट्र सुरक्षा परिषद्को १२६७ अल कायदा अनुमति समितिले आफ्नो व्यक्तिगत खर्च पूरा गर्न लखवीलाई १.५ लाख पाकिस्तान रूपैयाँ मासिक भुक्तानको लागि अनुमति दिइयो। र यो उनको गिरफ्तारी र जाँच को दस दिन अघि थियो।

सब भन्दा आश्चर्यजनक कुरा के भने उनको परीक्षण र सजाय एक दिन मा समाप्त भयो। भारतीय मूल्याङ्कन मा त्यहाँ एक ठूलो योग्यता छ कि यो नाटक पाकिस्तान सेनाको आदेशमा एफएटिएफ को फाइदाको लागि गरिएको थियो। यी खुलासाहरूको बावजुद पाकिस्तानमा आतंकवादी पूर्वाधार भत्काइएको कुनै आश्वासन छैन। यसको पहुँच अफगानिस्तानलगायत सबै ठाउँमा व्यापक छ जहाँ भारतले ठूलो भूमिका खेल्ने सम्भावना छ। काश्मिरको विवाद समाधान मात्र एक मुद्दा हो जसको समाधान पछि सब ठिक र सामान्य हुन्छ भन्नु मुर्खता हो। यस कुराको केन्द्रबिन्दु भनेको भारतको सम्बन्धमा पाकिस्तान राज्यले रणनीतिक सिद्धान्तलाई निरन्तरता दिनु हो।

लेखक एक रणनीतिक मामिला टिप्पणीकार हुनुहुन्छ र यहाँ व्यक्त विचार वहाँ को व्यक्तिगत विचार हो। -इण्डिया न्यूज नेटवर्क

# लगाइएका खोपको विवरण भारतद्वारा सार्वजनिक

काठमाडौं । भारतको स्वास्थ्य मन्त्रालयले अहिलेसम्म लगाइएका कोरोना खोपको संख्या तथा त्यसको प्रभावकारिताबारे विवरण सार्वजनिक गरेको छ ।

भारतीय सञ्चारमाध्यमका अनुसार मन्त्रालयले खोप अभियान सुरू भएयता पहिलोपटक यसबारे विवरण सार्वजनिक गरेको हो ।

मन्त्रालयले सार्वजनिक गरेको विवरणअनुसार खोप लगाएका हरेक १० हजार जनामा २ देखि ४ जनासम्मलाई मात्र कोरोना संक्रमण देखिएको छ, अरू सुरक्षित छन् ।

स्वास्थ्य मन्त्रालयका सचिव राजेश भूषणका अनुसार भारतमा अहिलेसम्म ९३ लाख ५६ हजार ४३६ जनालाई कोभ्याक्सिनको पहिलो डोज दिइएको छ, जसमध्ये ४ हजार २ सय ८ जनलाई संक्रमण देखिएको हो । यसैगरी यसको दोस्रो डोज लिएका १७ लाख ३७ हजार १ सय ७८ जनामध्ये ६९५ जनालाई मात्र कोरोना संक्रमण देखिएको छ ।

यस्तै भारतमा अहिलेसम्म १० करोड ३ लाख २ हजार ७४५ जनाले कोभिसिल्डको पहिलो मात्रा लगाएका छन् । यीमध्ये १७ हजार १४५ जनालाई कोरोना संक्रमण देखिएको भारतका स्वास्थ्य सचिव भूषणले जानकारी दिए । उनका अनुसार यसैको दोस्रो मात्रा लिएका १ करोड ५७ लाख ३२ हजार ७५४ जनामध्ये ५ हजार १४ जनालाई मात्र कोरोनाको संक्रमण भएको छ । अक्सफोर्ड-अस्ट्राजेनेकाद्वारा विकसित एवं भारतद्वारा उत्पादित कोभिसिल्ड खोप नेपालमा पनि प्रयोग भइरहेको छ ।

# अष्ट्रेलियामा चिनियाँ राजदूतले फैलाए प्रोपोगाण्डा

काठमाडौं । अष्ट्रेलियाका लागि चिनियाँ राजदुत चेंग जिनेले त्यहाँको राजधानी क्यानबरामा आयोजित एक पत्रकार सम्मेलनमा पत्रकारहरूलाई दबाब दिनुका साथै विभिन्न प्रोपोगाण्डा सहितका भिडियोहरू प्रदर्शन गरेकोप्रति अन्तर्राष्ट्रिय पत्रकार महासंघले आफ्नो ध्यानाकर्षण भएको जनाएको छ ।

अप्रिल ७ मा भएको उक्त घटनाको विरोध गर्दै अन्तर्राष्ट्रिय पत्रकार महासंघ ( आईएफजे) र यसको आवद्ध संस्था मिडिया इन्टरटेनमेन्ट एण्ड आर्ट अलायन्स ( एमईएए)ले अष्ट्रेलियाली पत्रकारहरूसँगको दुश्मनी बन्द गर्न र कुनै हस्तक्षेप विना नै अष्ट्रेलियाली पत्रकारहरूलाई चीनमा रिर्पोटिङ गर्न दिन आग्रह गरेको छ ।

क्यानबेरामा भएको पत्रकार सम्मेलनमा चिनियाँ राजदुतले उइगर मुस्लिम समुदयामाथि चीनले गरिरहेको दमनको बचाउ गर्दै भ्रामक गवाही र भिडियोहरू प्रस्तुत गरेका थिए । चिनियाँ राजदुत जेनले कुनैपनि उइगर मुस्लिम नागरिकहरू सिन्जियांङको यातना शिविरमा नरहेको दाबी गरेका छन् । उनले भने थिए, 'यातना शिविरमा १० लाख उइगर मुस्लिमहरू राखिएको छन् भन्ने समाचार पूर्णरूपमा झुटो हो ।' तर चीनले सिन्जियांङमा उइगर मुस्लिम समुदायमाथि दुव्यर्वहार गरेको दबाब झेलिरहेका बेला आईएफजेले गरेको एक अनुसन्धानबाट अर्को महत्वपूर्ण कुरा बाहिरिएको छ ।

आईएफजेको अनुसन्धानबाट चीनले आफ्नो देशका गम्भीर मुद्दाहरूबाट विश्वको ध्यान हटाउन मिडिया, सञ्चारमाध्यमको प्रयोग गर्दै परष्कृत रणनीति अपनाउने गरेको पाइएको हो । चीनमा सम्पूर्ण सञ्चारक्षेत्र सरकारी नियन्त्रणमा भएका कारण पनि चीनलाई यसो गर्न सहज हुन्छ ।

तर, चीन यो रणनीतिमा नअल्झेर निष्पक्ष रूपमा रिपोर्टिङ गर्ने पत्रकारहरूलाई देश निकाला गर्ने गरेको देखिन्छ । सन् २०२० को सेप्टेम्बरमा चिनियाँ अधिकारीहरूले एफआरका पत्रकार माइक स्मिथ र एबीसीका पत्रकार बिल बर्टल्सलाई देश छोडेर भाग्न बाध्य गराएका थिए ।

## चीनसागको सम्झौता अस्ट्रेलियाद्वारा रद्द

सिड्नी । अस्ट्रेलियाले चीनसँगको महत्वाकांक्षी 'बेल्ट एन्ड रोड' परियोजनासँग सम्बन्धित दुई वटा सम्झौता रद्द गरेको छ । अस्ट्रेलियाका विदेशमन्त्री मेराइस पेनले चीनसँग गरिएका ४ वटा सम्झौता रद्द गरेको घोषणा गरेका हुन् । त्यसमध्ये दुई वटा सम्झौता बेल्ट एन्ड रोड परियोजनासँग सम्बन्धित रहेका छन् । यो सम्झौता अस्ट्रेलियाको भिक्टोरिया राज्यले चीनसँग २०१८ र २०१९ मा सम्झौता गरेको थियो । अस्ट्रेलियाको संघीय सरकारलाई गत डिसेम्बरमा कुनै पनि प्रान्त वा विश्वविद्यालयद्वारा गरिएको निर्णय रद्द गर्न सक्ने भिटो पावर दिइएको थियो । अस्ट्रेलियाकी विदेशमन्त्री मेराइस पेनले विदेश नीतिका कारण चीनसँगको सम्झौता खारेज गरिएको हो । 'म यी चार सम्झौता अस्ट्रेलियाको विदेश नीति र हाम्रो कूटनीतिक सम्बन्धको प्रतिकूल रहेको ठान्छु,' विदेशमन्त्री पेनले भनेकी छिन् ।

श्रम ऐन, २०७४ को पालना गरौं,
श्रमिक, आपूर्तिकर्ता र रोजगारदाता सजग बनौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## चिनियाँ खोपको प्रभावकारिता कम छ : चिनियाँ अधिकारी

काठमाडौं । चीन सरकारको रोग नियन्त्रण केन्द्रका प्रमुख अधिकारीले स्थानीय खोप अर्थात् चीनमा उत्पादित खोपको प्रभावकारिता न्यून रहेको बताएका छन् । पत्रकार सम्मेलनमा बोल्दै गाओ फुले चीनले खोपहरूलाई एक आपसमा मिसाएर थप प्रभावकारी बनाउने लागेको समेत बताएका छन् । सिनोफार्म, सिनोभ्यासलगायत चीनमा चार खोप प्रयोगका लागि स्वीकृत भइसकेका छन् । तर, यी खोपहरूमा कुनैको प्रभावकारिता ५० प्रतिशतभन्दा पनि कम समेत देखिएको छ । उक्त कुरा विश्वभरीका संचार माध्यमहरूले प्राथमिकताका साथ प्रसारण गरेका छन्।

चीनले अहिलेसम्म १० करोड मानिसहरूलाई खोप लगाइ सकेको छ भने, चिनियाँ खोप लगाएका विदेशीहरूलाई मात्रै चीन प्रवेश गर्न दिन थालेको छ । रोग नियन्त्रण र रोकथामका लागि चिनियाँ केन्द्रका प्रमुख गाओले भनेका थिए-'बचाउन सक्ने (संक्रमणबाट) उच्च क्षमता छैन ।' तर, पछि उनले आफ्नो भनाइलाई गलत अर्थाइएको भन्दै प्रतिक्रिया दिएका थिए । चीनले खोपहरूलाई मिश्रण गरेर मानिसलाई दिने डोज संख्या र समयान्तर फेर्ने तयारी गरिरहेको छ ।

## जिल्ला समाचार

### दुई न्यायाधीशसहित ८८ जनामा संक्रमण

वीरगञ्ज । वीरगञ्जमा ८८ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । संक्रमितमध्ये जनकपुरको अस्थायी इजलास वीरगञ्जका दुई जना न्यायाधीश पनि छन् । १ सय ९२ जनाको पीसीआर परीक्षण गर्दा दुई जना न्यायाधीशसहित ८८ जनामा कोरोना संक्रमण पुष्टि भएको नारायणी अस्पतालले जनाएको छ । उच्च अदालतका अन्य १२ जना कर्मचारीमा समेत संक्रमण देखिएको छ । वीरगञ्जस्थित नारायणी अस्पतालको पीसीआर प्रयोगशालामा शंकास्पद व्यक्तिहरूको स्वाबको नमुना परीक्षण गरिएको थियो । संक्रमितमध्ये २४ जना महिला छन् । पर्साका ७९, बाराका ७ तथा रौतहट र रूकुमका १/१ जनामा संक्रमण पुष्टि भएको नारायणी अस्पतालले जनाएको छ । पर्साका ७९ संक्रमितमध्ये ७६ जना वीरगञ्जका र ३ जना बहुदरमाई नगरपालिकाका छन् । ४ देखि ७८ वर्षका संक्रमितको सिटी भ्यालु १४ देखि ३४ रहेको नारायणी अस्पतालका कोभिड संयोजक डा. सरोज रोशन दासले जानकारी दिए ।

### सिरहा अस्पतालको सेवा बन्द

सिरहा । उपचाररत एक महिलामा कोरोना संक्रमण देखिएपछि सिरहा जिल्ला अस्पतालको आकस्मिकबाहेक सबै सेवा बन्द गरिएको छ । अस्पतालमा उपचारका लागि गत आइतबार भर्ना भएकी एक महिलामा जाँचपछि कोरोना संक्रमण पुष्टि भएपछि अस्पतालको आकस्मिकबाहेकका सेवा बन्द गरिएको हो । संक्रमणपछि उक्त महिलाको सम्पर्कमा आएका अस्पतालका स्वास्थ्यकर्मी तथा चिकित्सकसमेत रहेकाले तत्काललाई अस्पताल सिल गरी आकस्मिक सेवा मात्र सञ्चालन गरिएको अस्पतालका मेसु डा. नागेन्द्रप्रसाद यादवले जानकारी दिए । अस्पतालको आकस्मिक कक्षबाहेक सबै कक्षमा ताल्चा लगाइएको छ । अस्पतालमा रोग निवारक औषधि छर्केपछि पुनः सञ्चालनमा ल्याइने मेसु डा. यादवले बताए । सिरहाका प्रमुख जिल्ला अधिकारी प्रदीपराज कँणेलले सीमावर्ती भारतीय बजारबाट नेपालतर्फ आवतजावत हुने सम्पूर्ण नाकामा कडाइ गर्न सशस्त्र प्रहरी बल नेपालका साथै नेपाल प्रहरीलाई समेत निर्देशन दिइसकेको बताए । हाल सिरहामा एक महिलासहित सातजना सक्रिय कोरोना संक्रमित रहेको बताइएको छ ।

### जिप्रका धनुषाले हाटबजारमा कडाइ गर्ने

जनकपुरधाम । कोरोना भाइरस संक्रमणको दोस्रो लहर सुरू भएसँगै जिल्ला प्रशासन कार्यालय धनुषाले कडाइ गर्ने निर्णय गरेको छ । जिल्ला प्रशासन कार्यालय धनुषामा बसेको जिल्ला संकट व्यवस्थापन समितिको बैठकले अत्यधिक भीड हुने स्थान हाटबजारमा कडाइ गर्ने निर्णय गरेको धनुषाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलाले जानकारी दिएका छन् । बैठकले जिल्लाको विभिन्न स्थानमा रहेका हाट बजारलाई बिहान ७ बजेदेखि १० बजेसम्म र दिउँसो ४ बजेदेखि साँझ ७ बजेसम्म मात्र सञ्चालन गर्न दिने निर्णय भएको प्रजिअ बास्तोलाले बताए । यसको अनुगमनको जिम्मा सम्बन्धित स्थानीय तह र नेपाल प्रहरीलाई दिइएको छ । सरकारी कार्यालयहरूमा अत्यधिक भीड हुने गरेकोले भीडभाड कम गरी संक्रमण जोखिम न्यूनीकरण गर्न अनलाइन प्रणालीलगायत अन्य वैकल्पिक प्रणालीको प्रयोग गर्ने तथा स्थानीय तहअनुसार आलोपालो प्रणालीमार्फत सेवा दिने निर्णय भएको हो । नेपाल सरकारको निर्णय गरेअनुरूप संक्रमणको विद्यमान अवस्था र जोखिमको विश्लेषण गरी वैशाख मसान्तसम्म विद्यालयहरू बन्द गर्ने तथा परीक्षा सुरू भइसकेको अवस्थामा वैशाख १० गतेभित्र सम्पन्न गर्ने व्यवस्था मिलाउन निर्देशन दिइएको प्रजिअ बास्तोलाले बताए । धनुषाको स्थानीय तहको सीमानाका भारतसँग जोडिएकाले सीमानाकामा अनिवार्य रूपमा हेल्प डेस्क स्थापना गरी सञ्चालनमा ल्याउने तथा आवश्यक्ता अनुसार होल्डिङ सेन्टरको व्यवस्था गर्ने निर्णय भएको छ ।

### नेपालगन्जमा कोरोना संक्रमण भयावह

नेपालगन्ज । नेपालमा कोरोना भाइरस संक्रमणको दोस्रो लहर सुरू भएसँगै नेपालगन्जमा संक्रमितको सङ्ख्या ह्वात्तै बढेको छ । संक्रमितको सङ्ख्या अत्यधिक बढ्न थालेपछि अस्पतालले थेग्नै नसक्ने अवस्था सिर्जना हुन थालेको छ । बाँकेको नेपालगन्ज स्थित भेरी अस्पतालमा पछिल्लो २४ घण्टामा कोभिड १९ परीक्षण गरिएका मध्ये करिब ७० प्रतिशतमा संक्रमण देखिएको छ । अस्पतालले १८३ जनाको नमुना परीक्षण गर्दा १२७ जनामा संक्रमण पुष्टि भएको हो । शुक्रवार अस्पतालले सूचना नै जारी गर्दै महामारी सुरू भए यताकै पहिलो पटक यसरी अत्यधिक संक्रमित भेटिएको उल्लेख छ । 'यही क्रममा संक्रमण फैलिने हो र गहन खालका बिरामीहरूको सङ्ख्या बढ्ने हो भने बिरामीको चाप थेग्न मुस्किल हुने निश्चित छ', अस्पतालद्वारा जारी सूचनामा छ । भेरी अस्पतालको कोभिड वार्डमा अहिले ७४ कोरोना संक्रमित उपचाररत छन् । तीमध्ये ४९ जनाको अवस्था गम्भीर रहेको छ भने ७ जनाको भेन्टिलेटरमा उपचार भइरहेको छ । बाँकेमा हालसम्म जिल्लाका ५९ र बाहिरी जिल्लाबाट उपचार गर्न आएका ९३ जनाको कोरोना संक्रमणबाट मृत्यु भएको छ । दिनानुदिन संक्रमित बढ्दै जाँदा अस्पतालले थेग्नै नसक्ने अवस्था सिर्जना हुने भन्दै अस्पतालले, 'संक्रमणलाई थप फैलिन नदिन नेपाल सरकारले अनुरोध गरे बमोजिमका सुरक्षाका मापदण्डहरूको पूर्ण पालना गर्न,' आग्रह गरेको छ ।

### कैलालीमा दुई बिओपी स्थापना

कैलाली । कैलालीमा सशस्त्र प्रहरी बल नेपालको दुई वटा बिओपी स्थापना भएका छन् । जिल्लाको भजनी नगरपालिका-६ मा बिओपी कालापातल र भजनी नगरपालिका-७ मा बिओपी हलौनाघाट स्थापना भएको सशस्त्र प्रहरी बल नेपाल नं ३४ गणको कार्यालयले जनाएको छ । सशस्त्र प्रहरी बल, नेपाल नं ७ वैद्यनाथ बाहिनी मुख्यालय कैलालीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक प्रवीणकुमार श्रेष्ठ र भजनी नगरपालिकाका उपप्रमुख छायाँ देवकोटाले उक्त दुईवटै नयाँ बिओपीको उद्घाटन संयुक्तरूपमा गरे । सो अवसरमा सशस्त्र प्रहरी बल, नेपाल नं ७ वैद्यनाथ बाहिनी मुख्यालय कैलालीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक श्रेष्ठले अहिलेको विषम् परिस्थितिमा सकल दर्जाका राष्ट्रसेवक सुरक्षाकर्मीको काँधमा राज्य र जनताको सेवा र सुरक्षाका खातिर ठूलो जिम्मेवारी आएको बताए ।

### भिसा विना नेपाल छिर्ने दुई चिनियाँ पक्राउ

झापा । भिसाबिना नेपाल छिर्न खोज्ने दुई चिनियाँ नागरिक नेपाल-भारत दशगजा क्षेत्रबाट पक्राउ परेका छन् । झापाको नकलबन्दा प्रवेश गर्न लागेका दुई चिनियाँ नागरिकलाई दशगजा क्षेत्रबाट भारतीय एसएसबीले पक्राउ गरेको हो । उनीहरूलाई नेपाल प्रवेशका लागि सहजिकरण गरेको अभियोगमा एक भारतीय नागरिक पनि एसएसबीको नियन्त्रणमा छन् । चेन जिफ़ा, डिङ शोउ शेंग र भारतीय नागरिक मोहम्मद हनिफलाई एसएसबीको ८औं बटालियनको मुख्यालय कम्पनी बदामिनीराम जोतको टोलीले पक्राउ गरेको भारतीय सञ्चारमाध्यमले जनाएका छन् । उनीहरूका साथबाट दुई हजार चार सय नेपाली रूपैयाँ, एक हजार भारतीय रूपैयाँ, ९० अमेरिकन डलर र ७४ एएफ ४२८३ नम्बरको एउटा मोटरसाइकल बरामद गरेको छ । उनीहरूलाई नक्सालवारी प्रहरीको जिम्मा लगाइएको जनाइएको छ ।

### विभिन्न हतियार बरामद

कैलाली । गौरीगंगा नगरपालिका-९ शिवशक्ति सामुदायिक बन शंकरपुरमा लुकाई राखेको २ नाल भरूवा बन्दुक, सोही बन्दुकमा प्रयोग हुने कार्टिज र विभिन्न सामान बुधबार दिउँसो प्रहरीले बरामद गरेको छ । सोही ठाउँस्थित महुलिया बस्ने ४९ वर्षीय ईन्द्र बहादुर बिक घरबाट ससुराली गञ्जवा गईरहेको अवस्थामा गोली लागेर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय मसुरिया र ईलाका प्रहरी कार्यालय मालाखेतीबाट खटिएको प्रहरीले ईन्द्रलाई घाइते अवस्थामा फेला पारी उपचारको लागि धनगढीस्थित मायामेट्रो अस्पताल पठाएको थियो । साथै घटनास्थलको सर्च गर्ने क्रममा जंगलमा लुकाई राखेको उक्त हतियार फेला पारी प्रहरीले बरामद गरेको हो ।

### आगलागीबाट १० लाखको क्षति

कैलाली । जानकी गाउँपालिका-६ सुवर्णपुर बस्ने रामकृष्ण चौधरीको गोठमा मंगलबार राति आगलागी हुँदा खाद्यान्न, काठपात र से.४ प २६२८ नम्बरको मोटरसाइकल समेत जलेर करिब १० लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ । स्थानीय बासिन्दाको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### ३ केजी गाँजा बरामद

रौतहट । परोहा नगरपालिका-७ दशगजाबाट करिब ३ केजी अवैध लागूऔषध गाँजा सोमबार साँझ प्रहरीले बरामद गरेको छ । अवैध रूपमा लैजादै गरेको झोला फाली मानिस फरार भएपछि प्रहरी चौकी मोतिपुरबाट खटिएको प्रहरीले वच्चाको टिर्सट २ पिस र जिन्स ३ पिस सहित उक्त लागूऔषध बरामद गरेको हो ।

# विभिन्न संघसंस्थाहरूलाई भारतद्वारा ३९ एम्बुलेन्स र ६ वटा बस प्रदान




काठमाडौं । भारत सरकारले नेपालका विभिन्न जिल्लामा रहेका सरकारी तथा गैरनाफामूलक संघ संस्थाहरूलाई ३९ वटा एम्बुलेन्स तथा ६ वटा स्कुल बस उपहारस्वरूप प्रदान गरेको छ ।
काठमाडौंस्थित भारतीय राजदूतावासले स्वास्थ्य तथा शिक्षाको क्षेत्रमा काम गरिरहेका नेपालका विभिन्न सरकारी तथा गैरनाफामूलक संघ संस्थाहरूलाई बिहीबार ३९ वटा एम्बुलेन्स तथा ६ वटा स्कुल बस उपहारस्वरूप प्रदान गरेको हो ।
यी संघ संस्थाहरू नेपालका विभिन्न जिल्लामा छरिएर रहेका छन् । ग्रामीण क्षेत्रमा स्वास्थ्यको पहुँच विस्तार गर्न भारतीय राजदूतावासले लामो समयदेखि नेपालका सरकारी तथा गैरनाफामूलक संस्थाहरूलाई प्रत्येक वर्ष एम्बुलेन्स तथा स्कुल बस उपहारस्वरूप प्रदान गर्दै आएको छ ।
यी एम्बुलेन्स र स्कुल बसको हस्तान्तरण हाल सञ्चालन भइरहेको 'क्ष्लमष्ब२ठछ' उत्सवको एक हिस्साको रूपमा रहेको छ ।
सन् १९९४ यता भारतीय राजदूतावासले हालसम्म झण्डै ८६२ वटा एम्बुलेन्स प्रदान गरिसकेको छ । यो वर्ष राजदूतावासले Advance Life Support, Basic Life Support र Common Life Support गरि तीन किसिमको एम्बुलेन्स प्रदान गरेको छ । यी एम्बुलेन्सहरू नेपाल सरकारले तोकेको मापदण्ड अनुरूप निर्माण गरिएका हुन् ।
त्यसैगरी राजदूतावासले प्रदान गरिएका ६ समेत गरि हालसम्म १६६ वटा स्कूल बस उपहारस्वरूप उपलब्ध गराइसकेको छ ।
स्वास्थ्य सेवा त्यसमा पनि विशेष गरि आपतकालीन स्वास्थ्य सेवा र विद्यार्थीहरूको विद्यालयसम्मको पहुँचलाई सहज बनाउन नेपाल सरकारको प्रयासमा भारत सरकारले निरन्तर सहयोग गर्दै आएकोमा थप एम्बुलेन्स तथा स्कुल बस उपहारस्वरूप प्रदान गरेको हो ।

# नेपाल–भारत महानिर्देशकस्तरीय २०औं वार्ता सम्पन्न

काठमाडौं । सीमापार व्यापारमा द्विपक्षीय सहयोगलाई सुदृढीकरण गर्ने र तस्करी रोक्ने लक्ष्यका साथ नेपाल र भारतबीच भर्चुअल माध्यमबाट महानिर्देशक (डीजी) स्तरीय २० औं वार्ता सम्पन्न भएको छ । नेपालस्थित भारतीय दूतावासकाअनुसार उक्त वार्ता द्विपक्षीय सहयोग सुदृढीकरण गर्नका साथै सीमापार व्यापारलाई सहज बनाउन र तस्करी रोक्न र काउन्टर गर्ने उद्देश्यले गरिएको हो ।
नेपाल र भारतले भन्सार, वन्यजन्तु र अन्य सीमापार मुद्दाहरूको क्षेत्रमा एक अर्कालाई सहयोग पुऱ्याएको पनि दूतावासले जनाएको छ । नेपाल र भारतमा वैकल्पिक रूपमा दुई देशको भन्सार प्रशासनबीच महानिर्देशक स्तरीय बैठक हरेक वर्ष हुँदै आएको छ ।
यस पटकको बैठकको उद्देश्य दुबै देशहरूबीच वस्तु आयात र निर्यात गर्ने सम्बन्धमा विशेष गरी भारतको क्षेत्र हुँदै तेस्रो मुलुकबाट नेपाल भित्रिने वा आयात गर्ने प्रक्रियाहरू कार्यान्वयनमा भएका कठिनाइहरू बुझ्न र समाधान गर्नेमा केन्द्रित रहेको थियो । बैठकले द्विपक्षीय र पारवहन व्यापार सम्बन्ध सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेल्ने दूतावासले जनाएको छ ।

# भारतले नेपाललाई जीटूजीमा रासायनिक मल उपलब्ध गराउने

काठमाडौं । नेपाललाई आगामी पाँच वर्षसम्म जीटूजी (सरकार-सरकार) मोडलमा रासायनिक मल उपलब्ध गराउन भारत सहमत भएको छ । नेपालले दुई देशबीच जीटूजीमा मल खरिदका लागि गरेको प्रस्तावमा भारतले सहमति जनाएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ । भारतले पठाएको जीटूजी मल खरिदको सहमतिको पत्र सोमबार आफ्नो हातमा परेको मन्त्रालयका सचिव डा. योगेन्द्रकुमार कार्कीले बताए । 'इतिहासमै पहिलो पटक नेपालका लागि पाँच वर्षसम्म रासायनिक मल उपलब्ध गराउन भारत तयार भएको छ । यो नेपालका लागि ठूलो उपलब्धि हो,' सचिव कार्कीले भने ।
भारतको सहमतिअनुसार नेपालले प्रतिवर्ष दुई लाख मेट्रिकटन रासायनिक मल भारतबाट खरिद सुनिश्चितता हुने सचिव कार्कीको भनाइ छ । त्यसमा करिब ७० हजार मेट्रिकटन डीएपी र एक लाख ३० हजार मेट्रिकटन हाराहारी युरिया हुने मन्त्रालयले जनाएको छ ।
सहमति प्राप्त भए लगत्तै मल खरिदका लागि भारतसँग एमओयूको तयारी थलिएको मन्त्रालयले जनाएको छ । दुई देश बीचको एमओयूपछि नेपालको तर्फबाट कृषि सामग्री कम्पनी लिमिटेड र समान स्तरको भारतीय सरकारी निकायबीच सम्झौता गरिने सचिव कार्कीले बताए । भारतबाट खरिद गरिने मल ग्लोबल टेण्डरबाट खरिद गरिने भन्दा सस्तो, गुणस्तीय र नेपालले मागेको समयमा उपलब्ध हुनेगरी सहमति भएको उनले बताए ।

# कुम्भबाट फर्किए लगतै पूर्वराजाले भारतलाई धन्यबाद

काठमाडौं । पूर्वराजा ज्ञानेन्द्र शाहले आफ्नो भारत बसाईलाई सरल र सहज बनाउने व्यवस्थाका लागि भारतीय जनता र भारत सरकारप्रति आभार व्यक्त गरेका छन् । एक वक्तव्य जारी गर्दै शाहले महाकुम्भमा शाही स्नान र गंगा आरतीको विशेष प्रबन्ध मिलाउन अखाडा परिषदले लिएको दायित्व आफैमा अविस्मरणीय रहेको पनि बताएका छन् ।
'शाही स्नान अवधिमा सम्पूर्ण हिन्दु धर्मालम्बीहरूको तर्फबाट हामीलाई गरिएको अभिनन्दन र आर्शिवचनका लागि हामी आभार व्यक्त गर्दछौं', पूर्वराजाले भनेका छन् ।
'निरन्जन अखाडाका पीठाधीश्वर आचार्य महामण्डलेश्वर श्री कैलाशानन्द गिरीको निमन्त्रणामा पवित्र तिर्थस्थल हरिद्वारमा हरेक १२ वर्षमा सम्पन्न हुने महाकुम्भमेला अनुष्ठानमा सहभागी भएर स्वदेश फर्केका छौं', पूर्वराजाको वक्तव्यमा भनिएको छ, 'हाम्रो यो महत्वपूर्ण धार्मिक भ्रमणका क्रममा हरिद्वारमा भएको हाम्रो विशेष सम्मान, सत्कार र संस्कारयुक्त आदरभावप्रति निरन्जन पीठका पीठाधीश्वर आचार्य महामण्डलेश्वर श्री कैलाशानन्द गिरीमा तथा समस्त सन्त महात्माहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।' पूर्वराजा शाहले भारत भ्रमण सम्पन्न गरेर स्वदेश फर्किंदा विभिन्न संघसंस्था तथा नेपाली जनसमुदायबाट दर्साइएको स्वागत सम्मानका निम्ति पनि सबै शुभचिन्तक दाजुभाइ दिदीबहिनीप्रति दिलैदेखि आभार प्रकट गर्दै धन्यबाद दिन चाहेको बताएका छन् ।

## आर्थिक समाचार

# प्रभु बैंकको सञ्चालक समितिका अध्यक्ष सिटौलाद्वारा पदभार ग्रहण

काठमाडौं । प्रभु बैंक लिमिटेडका सञ्चालक समितिका नवनियुक्त अध्यक्ष लिलाप्रकाश सिटौलाले पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन् । सिटौलाले नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी समक्ष पद तथा गोपनीयताको शपथ ग्रहण गरी बैंकको सञ्चालक समितिको २०९ औं बैठकको अध्यक्षता गरी सञ्चालक समितिको अध्यक्षको पदभार ग्रहण गरेका हुन् । बैंकको स्वतन्त्र सञ्चालकका रूपमा नियुक्त भएका उनलाई बैशाख २ गते बसेको बैंकको सञ्चालक समितिको बैठकले सञ्चालक समितिको अध्यक्ष पदमा चयन गरेको थियो । त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर उपाधी हासिल गरेका अध्यक्ष सिटौलाले नेपालको बैंकिङ्ग क्षेत्रमा लामो कार्यानुभव संगालेका छन् । उनी नेपाल राष्ट्र बैंकमा २५ वर्षको सेवाअवधि पूरा गरी कार्यकारी निर्देशक पदबाट सेवा निवृत्त भई कृषि विकास बैंकमा ४ वर्ष प्रमुख कार्यकारी अधिकृतको रूपमा समेत जिम्मेवारी वहन गरिसकेका छन् । उक्त अवधिमा परम्परागत रूपमा बैंकिङ्ग सेवा प्रवाह गरिरहेको कृषि विकास बैंकलाई डिजिटल प्रविधिमा लैजान उनको विशेष योगदान रहेको थियो । उक्त अवधिमा उनले नेपालका वाणिज्य बैंकहरूको छाता संगठन, नेपाल बैंकर्स संघको कार्यसमितिमा रही काम गरेका थिए । उनले बीमा संस्थान, नेपाल स्टक एक्स्चेञ्ज र कर्जा सूचना केन्द्रको सञ्चालक समितिमा समेत रहेर काम गरिसकेका छन् । नेपालको बैंकिङ्ग क्षेत्रमा लामो समयसम्म कार्यरत रहेर बैंकिङ्ग जगतका विविध क्षेत्रमा अनुभव हासिल गरेकाका सिटौलाको नेतृत्व प्राप्त गर्नु प्रभु बैंक, शेयरधनी, ग्राहकतथा सरोकार राख्ने सबैको लागि गौरवको विषय रहेको जनाइएको छ । उनको सबल नेतृत्वबाट प्रभु बैंकलाई आगामी दिनमा व्यापार व्यवासाय अभिबृद्धिका अतिरिक्त अत्याधुनिक प्रविधिसहितको गुणस्तरीय सेवा विस्तारमा थप हौसला मिल्ने बैंकले विश्वास लिएको छ ।

# विशेष अदालतमा प्रभु बैंकको एक्स्टेन्सन काउण्टर सञ्चालन

काठमाडौं । प्रभु बैंकले आफ्नो सेवा विस्तार गर्ने क्रममा काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिकास्थित वडा नं ११ विशेष अदालतमा एक्स्टेन्सन काउण्टर सञ्चालनमा ल्याएको छ । काठमाडौंस्थित विशेष अदालतमा स्थापित एक्स्टेन्सन काउण्टरको शुक्रबारदेखि कारोबार सुरू भएको हो । बिशेष अदालत परिसरमा विशेष अदालत काठमाडौंका न्यायाधीश प्रेमराज कार्कीबाट एक समारोहका बीच प्रभु बैंक विशेष अदालत काठमाडौं एक्स्टेन्सन काउण्टरको उद्घाटन गरेका थिए । नेपाल राष्ट्र बैंक तथा अन्य सम्बन्धित निकायसँग समन्वय गरी विभिन्न सरकारी निकायहरूको बैंकिङ्ग कारोबार प्रभावकारी रूपमा सञ्चालन गरिरहेको प्रभु बैंकले विशेष अदालत काठमाडौंमा पनि आफ्नो सेवा विस्तार गर्न सफल भएको छ । प्रभु बैंकको एक्स्टेन्सन काउण्टरबाट सम्बन्धित विशेष अदालतमा आउने सेवाग्राहीहरूलाई रकम जम्मा गर्न र विशेष अदालतको काम गर्न सहज र सरल हुने भएको छ । प्रभु बैंकको एक्स्टेन्सन काउण्टरबाट प्रवाह गरिने बैंकिङ्ग सेवाबाट स्थानीयबासी तथा सेवाग्राहीहरूले प्रभु बैंकको गुणस्तरीय बैंकिङ्ग सेवा उपभोग गरी लाभान्वित हुने बैंकले विश्वास लिएको छ । प्रभु बैंकले २१३ वटा शाखा कार्यालय, १८९ वटा एटीएम, ५९ वटा एक्स्टेन्सन काउण्टर तथा २ वटा शाखारहित बैंकिङ्ग सेवामार्फत् अत्याधुनिक प्रविधियुक्त गुणस्तरीय बैंकिङ्ग सेवा प्रवाह गरिरहेको छ ।

# अमातको जनसंख्या कम देखाइएको गुनासो

काठमाडौं । अमात जातिको जनसंख्या जनगणनामा कम देखाइएकोप्रति सरोकारवालाहरूले गुनासो गरेका छन् । नेपालमा रहेका अमात जातिको वास्तविक संख्या तथ्यांक विभागले सार्वजनिक नभएकोले अगुवाहरूले सचेतना जगाउनुपर्ने धारणा राखेका छन् ।
नेपाल अमात समाज कल्याण समितिले शनिबार मधेश मिडिया हाउसमा आयोजना गरेको नयाँ वर्ष २०७८ सालको शुभकामना आदान-प्रदान तथा क्यालेन्डर विमोचन कार्यक्रममा यस्तो धारणा व्यक्त गरिएको छ ।
सो कार्यक्रममा अमात जातिका अगुवाहरूले आफ्नो नामको पछाडि अमात लेख्नुपर्ने धारणा राखेका थिए । आफ्नो जातीय पहिचानलाई




कायम राख्नका लागि आफूबाट नै सुरूवात गर्नुपर्ने बताएका थिए ।
समितिका अध्यक्ष रामकृपाल राय (अमात)को अध्यक्षतामा कार्यक्रम भएको थियो भने कार्यक्रमा प्रमुख अतिथि केन्द्रीय सचिव दुर्गाप्रसाद राय (अमात) रहेका थिए । यसैगर, अतिथिहरू कोषाध्यक्ष तेजनारायण मण्डल (अमात), नन्दकिशोर राय, डा.उमेश प्रसाद मण्डल र ई.दुर्गा मण्डल रहेका थिए ।

# सिंहलाई कोरोना

नयाँ दिल्ली । भारतका पूर्व प्रधानमन्त्री डा. मनमोहन सिंह कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन् । प्रमुख प्रतिपक्षी दल भारतीय राष्ट्रिय काँग्रेसका वरिष्ठ नेता समेत रहेका सिंहलाई 'अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्सेस' (एआइआइएमएस) मा भर्ना गरिएको छ ।
उनलाई शङ्का लागेर कोरोना परीक्षण गरिएकोमा सोमबार सङ्क्रमण भएको पुष्टि गरिएको अधिकारीहरूले जनाएका छन्  उनको अवस्था सामान्य नै रहेको अधिकारीहरूले जनाएका छन् । कोरोनाभाइरसबाट धेरै प्रभावितहरूको मुलुकको सूचीमा भारत दोस्रो अग्रपङ्क्तिमा रहेको छ ।  भारतमा अहिले दैनिक झन्डै पौने तीन मानिस सङ्क्रमित हुने गरेका छन् ।

## संक्रमित...

हो ।
दुई देशबीचको सीमा औपचारिक रूपमा बन्द गरिए पनि लुकीछिपी आउजाउ गर्ने नरोकिएका कारण प्रदेश २ का सीमावर्ती पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरी जिल्लामा संक्रमण स्वतः बढेर गएको छ । सीमावर्ती क्षेत्रबीच सघन आर्थिक, सामाजिक र सांस्कृतिक सम्बन्ध छ । पर्सा, बारा, रौतहट र सर्लाहीका उद्योगहरूमा ठूलो संख्यामा भारतीय कामदार काम गर्छन् । यस प्रदेशका सबै जिल्लाका इँटा उद्योगमा भारतीय कामदार छन् ।
नाकाको हेल्थ डेस्कमा पर्याप्त जनशक्ति नहुँदा प्रभावकारी भूमिका निर्वाह गर्न नसकिएको स्वास्थ्यकर्मीहरू बताउँछन् ।
दिनदिनै कोरोना भाइरसको संक्रमित थपिँदै गए पनि प्रदेश २ का जिल्लामा स्वास्थ्य प्रोटोकल अपनाउन लापरबाही गरिएको छ । बजारमा भीडभाड बाक्लै छ । अनिवार्य गरिएका ठाउँमा मात्र मास्क लगाएको पाइन्छ/ । सामाजिक दूरी र अन्य स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरिएको छैन ।

## जानकी...

बुधबार माडीमा राम सीताको मूर्ति प्रतिस्थापन गरिएको छ ।
सोही दिनलाई मध्यनजर गर्दै प्रमुख अहिराजले ठूलो टोलीसहित माडी पुगेका थिए । धार्मिक, सांस्कृतिक सम्पदाको रक्षा र पर्यटन प्रवर्द्धनका लागि आफ्नो भ्रमणले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।
प्रधानमन्त्री केपी शर्मा ओलीले गत असारमा राम रामको जन्म अयोध्यापुरीमा भएको दाबी गर्दै सो स्थानमा राम, सीता, लक्ष्मण र हनुमानका मूर्ति राख्ने घोषणा गरेका थिए ।
सोही घोषणा बमोजिम प्रधानमन्त्री ओलीले वालुवाटारबाट मंगलबार पूजाआजा गरी रामसीताको मूर्ति उच्च सुरक्षाका साथ माडी पठाएका थिए । उनले आन्तरिक पर्यटन बढाउन र नेपालीको धर्म, संस्कृतिको प्रवर्द्धनमा सहयोग पुग्ने धारणा राखेका छन् ।
यसैबीच, प्रदेश प्रमुख डा. अहिराज र बाग्मती प्रदेश प्रमुख विष्णु प्रसाईले चैते दशैंको अवसरमा सप्तरीको प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता र कंकालनी मन्दिरमा पूजाअर्चना गरेका छन् । प्रदेश प्रमुखद्वय अहिराज र प्रसाईले भारदहस्थित कंकालनी मन्दिरमा पूजाअर्चना पछि छिन्नमस्ता पुगेर त्यहाँ रहेको छिन्नमस्ता भगवतीको पूजाअर्चना गरे ।
छिन्नमस्ता मन्दिरमा दुबै प्रदेश प्रमुखहरूलाई मन्दिरका पीठाधीश महाकान्त ठाकुर, जसपाका केन्द्रीय सदस्य जय प्रकाश ठाकुर, महिला अधिकारकर्मी सुनिता साह लगायतले स्वागत गरेका थिए । प्रदेश २ प्रमखु अहिराजसँग पीठाधीश ठाकुरले छिन्नमस्तामा वेद विद्या आश्रम निर्माणका लागि सहयोग गर्न आग्रह गरे । प्रदेश प्रमुख अहिराजले छिन्नमस्ता शक्तिपीठको संरक्षणका साथै वेद विद्या आश्रम निर्माणका सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे ।

## प्रदेश...

प्रदेशको नाम र राजधानी सम्बन्धमा छुट्टा-छुट्टै प्रस्ताव दर्ता गराउने तयारी गरेका छन् ।
नेपाली कांग्रेसका संसदीय दलका नेता रामसरोज यादवले प्रदेशको नाम मिथिला-भोजपुरामै आफूहरू कायम रहेको बताए । यादवले आफूहरू प्रदेशको नाम 'मिथिला-भोजपुरा' र स्थायी राजधानी जनकपुरधाम नै प्रतावमा दर्ता गराउने तयारी गरेको बताए ।
यता नेकपा एमाले ओली पक्षका प्रदेश सांसद सत्यनारायण मण्डलले प्रदेशको नाम र राजधानी सम्बन्धमा अहिले निर्णय नभएको बताए । यद्यपि स्थायी राजधानी जनकपुरधाम नै प्रस्तावमा दर्ता गराउने तयारी रहेको उनको भनाइ छ ।
सांसद मण्डलले पछिल्लो समय पार्टीभित्र अराजकता बढेका कारण नामाकरण र राजधानी सम्बन्धमा निर्णय लिन कठिनाइ भइरहेको बताए ।
यता नेकपा एमाले माधव नेपाल समूहका नेता शत्रुधन महतोले प्रदेशको नामाकारणका लागि तीन नाममाथि छलफल चलिरहेको बताए । उनका अनुसार जानकी, जनक र मिथिला-भोजपुरा र मधेशमध्ये कुनै एक नाम दर्ता गराउने तयारी रहेको छ । त्यस्तै स्थायी राजधानी जनकपुरधाम नै दर्ता गराइने उनको भनाइ छ ।
वैशाख ५ गते प्रदेशको नाम र स्थायी राजधानीका लागि सत्तारूढ जनता समाजवादी पार्टी र नेकपा माओवादी केन्द्रले प्रदेशको नाम मधेश प्रदेश र राजधानी जनकपुरधाम प्रस्तावमा दर्ता गराएका थिए ।
प्रदेश २ को प्रदेशसभामा १ सय ७ जना सांसद रहेकोमा ४ जना कारवाहीमा परेका छन् । हाल सतारूढ दल जसपासँग ५६ जना प्रदेशसभा सदस्य रहेका छन् । त्यस्तै नेकपा एमालेसँग २१, नेपाली कांग्रेससँग १९ र नेकपा माओवादी केन्द्रसँग ७ जना प्रदेशसभा सदस्य रहेका छन् ।

# गान्धीलाई कोरोना संक्रमण

नयाँ दिल्ली । भारतीय राष्ट्रिय काँग्रेसका नेता राहुल गान्धीलाई कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । आफूलाई सङ्क्रमण पुष्टि भएपछि विपक्षी नेता गान्धीले सामाजिक सञ्जालमार्फत आफूलाई कोरोना सङ्क्रमण पुष्टि भएको जानकारी गराएका छन् । उनले आफ्नो ट्विटर पेजमा भनेका छन्, "सामान्य लक्षण देखिएपछि परीक्षण गर्दा मलाई कोरोना भाइरस सङ्क्रमण देखिएको छ। पछिल्ला केही दिनमा मेरो निकटमा आउनुभएका सबैले आवश्यक सावधानी अपनाउँदै सुरक्षित रहनुहोला ।" यसैबीच भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले गान्धीको स्वास्थ्य लाभको कामना गरेका छन् ।




मिथिला दर्शन
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।
मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।
विशेष जानकारीका लागि सम्पर्क
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com

मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : रामसुकुल मण्डल, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं